# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको बेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ । यसरी एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रम बजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ । (वैदशिक रोजगार ऐन, २०६४) ।

विकासशील राष्ट्रहरूको सूचीमा पर्ने नेपाल शिक्षा, स्वास्थ्य, गरिबी जस्ता समस्याबाट अझै पनि माथि उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेतापनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागि भौतारिनु पर्ने अवस्थामा छ । (के.सी., २०६६) ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रूपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थात वर्षमा ८ महिना वेरोजगारी र कम्तिमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमा बेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धबेरोजगार लगायत शिक्षित, दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ। यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्णरूपमा खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरूसँग संझौता गरी देशमा रहेको बेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ । (दाहाल, २०६६)[1]

यो अनुसन्धान बझाङ्ग जिल्लाको सैनपसेला गा.वि.स. अन्तर्गत ५र ६ वडामा वैदेशिक रोजगार र त्यसको प्रभावको बारेमा केन्द्रित भएको. छ । यसरी वैदेशिक रोजगारीमा संलग्न

---

[1] हाल विश्वका १०८ मुलुक वैदेशिक रोजगारीका लागि खुला गरिएको छ ।
ती देशमध्ये अहिले इराकका लागि इजाजत रोक्का गरिएको छ ।

भइसकेपछि सम्बन्धित क्षेत्रको परिवार तथा समाजको कस्तो आर्थिक प्रभाव पारेको छ ? यसै गरी वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा के कस्तो प्रभाव पारेको छ र वैदेशिक रोजगार सम्बन्धी उनीहरूको धारणा के कस्तो छ ? यस क्षेत्रबाट वैदेशिक रोजगारमा प्राय मलेसिया, दुबै, कतार, साउदी अरब, भारत जाने गरेका छन् । भन्ने कुरा यस अध्ययनमा प्रष्ट्याएको छ ।

## १.२ समस्याको कथन

बढ्दो जनसंख्या र औद्योगिकीकरणको कमिले देशभित्रका जनशक्ति त्यसै खेर गइरहेका छन् । राष्ट्र भित्रका अधिक जनशक्ति कृषिमा निर्भर रहेको र अन्य रोजगारीका वैकल्पिक उपायहरू कमै भएको अवस्थामा वैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रूपमा देखा परेको छ । (पोखेल, २०५७) । जुन कुरा नेपाल सरकारले स्वीकारेर यस व्यवसायलाई विश्वसनीय, व्यवस्थित र सुरक्षित बनाउन ऐन, नीति बनाउने तथा अन्य आवश्यक कदम चालिरहेको छ । यति महत्वपूर्ण विषय भएर पनि यस विषयमा स्थलगत अध्ययन त्यति भएको पाइदैन ।

यसका साथै नेपालमा वैदेशिक रोजगारबाट हुने वार्षिक आय र वैदेशिक रोजगारमा जाने आउनेको सांख्यिकीय रेकर्ड राख्ने मात्र काम भएको छ तर वैदेशिक रोजगारले कामदारको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा परेको प्रभाव, प्रविधि हस्तान्तरण, वैदेशिक रोजगार प्रति उनीहरूको धारणा बारेमा स्थलगत तथा स्थान विशेष अध्ययन हुन नसकेको अवस्था छ र यस किसिमको स्थलगत तथा विशेष अध्ययन आफैमा एउटा अनुसन्धानको विषयवस्तु हुन सक्छ जसले गर्दा यो अनुसन्धान गर्न खोजिएको हो । यसै गरी नेपाल एक कृषि प्रधान एवम् विकाशोन्मुख तथा १० वर्षे जनयुद्धबाट गुज्रिएको मुलुक भएकाले देशमा विकासका क्रियाकलापहरू राम्रोसँग संचालन हुन नसक्दा बेरोजगारी एवम् अर्धबेरोजगारीको संख्यामा दिन प्रतिदिन वृद्धि भइरहेकाले नेपाली श्रमिकहरू रोजगारीको खोजिमा वैदेशिक रोजगारमा जान बाध्य छन् (के.सी., २०६६) । ती श्रमिक युवाहरू वैदेशिक रोजगार प्रति आकर्षण हुनुको मुख्य कारण खोज्दै जाँदा, तिनीहरूको अनुपस्थितिमा सम्बन्धित क्षेत्र उत्पादकत्वको क्षेत्रमा परेको प्रभाव लगायत वैदेशिक रोजगाबाट प्राप्त रकमले उनीहरूको पारिवारीक जीवन तथा रहनसहनमा के कस्तो प्रभाव परेको छ ? तिनीहरूको अनुपस्थितिमा परिवार तथा समाजले के

कस्ता समस्याहरू झेल्नु पऱ्यो ? भन्ने जस्ता सवालहरूको खोजीगर्नका लागि यो शोध मुख्य गरेर निम्न अनुसन्धानात्मक प्रश्नहरूबाट निर्देशित छ :

क) वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा के कस्तो प्रभाव पारेको छ ?

ख) वैदेशिक रोजगारमा संलग्न परिवारको वैदेशिक रोजगारमा जानु अघि र गई सकेपछिको आर्थिक अवस्था कस्तो छ ?

ग) वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरू र परिवारहरूको धारणा के छ ?

घ) वैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो छ ?

ङ) वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले वैदेशिक रोजगारबाट प्राप्त रकमको उपयोग के कालागि गर्दा रहेछन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारीले परिवार तथा समाजका विभिन्न पक्षमा पारेको प्रभावको अध्ययन गरी वैदेशिक रोजगारप्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु हो ।

यसका विशिष्ट/प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- वैदेशिक रोजगारीले परिवारमा पारेको आर्थिक प्रभावको अध्ययन गर्नु,
- वैदेशिक रोजगारीले सामाजिक सम्बन्धमा पारेको प्रभावको अध्ययन गर्नु,
- वैदेशिक बेरोजगारी सम्बन्धी धारणा संकलन गर्नु ।

## १.४ अध्ययनको महत्व :-

यस अन्तर्गत अध्ययनको उद्देश्य अनुसार अगाडि सारिएका प्रश्नहरूलाई आधार बनाएर तथ्याङ्क संकलन विधिहरू (घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन, वैयक्तिक अध्ययन, समूह छलफल) को प्रयोग गर्दै अध्ययन क्षेत्रमा वैदेशिक रोजगारीले सहभागिहरूको परिवारमा पारेको आर्थिक प्रभाव, सामाजिक सम्बन्धमा आएको परिवर्तन लगायत वैदेशिक रोजगार प्रतिको

आकर्षण र धारणा जस्ता कुराहरूका बारेमा विभिन्न किसिमका सूचना तथा तथ्यहरूलाई आधार बनाएर अध्ययनको निष्कर्षका रूपमा अन्तिम अध्ययन प्रस्तुत गर्न सफल भएको छ । जसका आधारमा आगामी दिनमा यसै विषयवस्तुहरूमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि यो महत्वपूर्ण द्वितीय स्रोत हुन सक्छ । यसका साथै नीति-निर्माता, विकासे कार्यकर्ता तथा अन्य व्यक्तिहरू जो यसै विषयवस्तुमा कार्यरत छन्, तिनीहरूका लागि पनि यो अध्ययन महत्वपूर्ण हुन सक्छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरूप

प्रस्तुत शोधलाई जम्मा ६ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा शोध पत्रको विषयवस्तुको अध्ययनका लागि विषयवस्तुको सान्दर्भिकतालाई पुष्टि दिने खालको परिचय दिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट सुरू गरिएको छ । यसका साथै वैदेशिक रोजगारको परिभाषा, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व आदिको बारेमा उल्लेख गरिएको छ ।

यसै गरी अध्याय दुईमा पूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारीको बारेमा पाइएका लेख रचना, पुस्तक, पत्रपत्रिकाका साथै सम्बन्धित विषयमा समाजशास्त्रीय, मानवशास्त्रीय लगायत अन्य व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी गर्नु भएका अध्ययनलाई पनि उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनको लागि सैनपसेला गा.वि.स. वडा नं. ५ र ६ अन्तर्गतबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूलाई छलफल विधिका आधारमा छनोट गरिएको छ ।, यसका साथै यस अन्तर्गत अध्ययन क्षेत्रको औचित्य अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, कार्यक्षेत्रको अध्ययन प्रक्रिया लगायत तथ्याङ्क संकलन विधि अन्तर्गत अवलोकन, अन्तर्वार्ता, घरधुरी सर्वेक्षण, वैयक्तिक अध्ययन र समूह छलफलको साथै तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण र अध्ययन सीमाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय चारमा भौगलिक तथा सामाजिक परिचय अन्तर्गत अध्ययनको क्षेत्रको परिचय लगायत यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नहरूको पारिवारिक विवरण सम्बन्धमा उमेर र

लिङ्गगत संरचना, जातिगत विवरण, पारिवारिक संरचना, पेशा, आम्दानी, जमिन, पशुपंक्षी र घरको बनोटको बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा वैदेशिक रोजगार र आर्थिक तथा सामाजिक सम्बन्ध अन्तर्गत वैदेशिक रोजगारको इतिहास, वैदेशिक रोजगारीको प्रक्रिया, वैदेशिक रोजगारीमा संलग्नहरूको सामाजिक अवस्था, आर्थिक विवरण, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग, सामाजिक तथा सांस्कृतिक प्रभाव, वैदेशिक रोजगार प्रतिको धारणाको बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अध्ययन अनुसन्धान गरिएको छ त्यसको सिलसिलाबद्ध सारांश र निष्कर्षका बारेमा उल्लेख गरिएको छ ।

# अध्याय - दुई

# पूर्व साहित्यको अध्ययन

## २.१ नेपालमा वैदेशिक रोजगारको इतिहास :

नेपालीहरू विदेशमा गई काम गर्ने चलन धेरै पहिला देखि भएको देखिन्छ । भारतसँग पहिले देखिनै आर्थिक, सामाजिक, साँस्कृतिक आदि विषयमा निकट सम्बन्ध रही आएको र खुल्ला सिमानाले गर्दा विना रोकतोक धेरै नेपालीहरू भारतमा गई काम गर्दै आएको ऐतिहासिक परम्परा रही आएको देखिन्छ । यस सन्दर्भमा सन् १८१४/१५ मा नेपाल र इष्टइण्डिया कम्पनी बीच भएको युद्धले नेपालको माया नेपालीलाई आफ्नो प्राण भन्दा पनि प्यारो रहेछ भन्ने ऐतिहासिक यथार्थ सिद्ध भैसकेको अवस्थामा अंग्रेजहरूले नेपाली वीर योद्धाहरूलाई आफ्नो सेनामा सामेल गराउने मनसायले तत्कालिन सम्झौता (सन् १८१६ सुगौली सन्धी) अनुरूप उनीहरूले ३ वटा रेजिमेन्ट स्थापना गरी ती रेजिमेन्टहरूलाई लाहोरमा (हाल पाकिस्तान) राखेका थिए (पोखेल, २०५७) । ती रेजिमेन्टमा भर्ना हुन प्राय नेपालीहरू लाहोरमा नै जाने गर्दथे । यसरी लाहोर जाने नेपालीहरूसँग उनीहरूका परिवारका अन्य सदस्यहरू पनि सँगसँगै जाने र त्यहाँका होटेल, कलकारखाना आदिमा काम गर्न थाले । यसरी ती रेजिमेन्टहरूमा भर्ना हुनेहरूमा हालका गोरखा, लमजुङ्ग, तनहुँ, कास्की आदि क्षेत्रबाट बढिको संख्या रहेको थियो । यसका साथै त्यस बेलाको नेपाली पहिचान नेपाल भन्दा गोर्खा नामले बढी चिनिने भएकाले लाहोरमा उनीरू गोर्खाकालीका नामले चिनिन थाले भने नेपालमा ती रोजगारीका लागि विदेश जाने आउने नेपालीलाई लाहुरे भन्न थालियो । (पोखेल, २०५७) ।

यसका साथै सन् १८१५ भन्दा पहिले पनि नेपाली श्रमशक्ति जानी वा नजानी भारतको मेघालय, आसाम, मणिपुर, दार्जलिङ्ग, भुटान, वर्मा, मलेसिया आदि मुलुकहरूमा वैदेशिक रोजगारी र आप्रवासीका लागि आवत जावत गरेको पाइन्छ । त्यहाँ गएर नेपाली श्रमिकहरूले कृषि, खानी, चिया बगान, रबर उद्योग आदिमा संलग्न भई आर्थिक संकलन गरेको देखिन्छ ( पण्डित, २०५७) । यसका साथै उनीहरूले आफूलाई विदेशमा सिकेका प्रविधिहरूलाई समेत

नेपालमा भित्र्याएको पाइन्छ । जसको उदाहरणको रूपमा नेपालमा सञ्चालित चिया खेतीलाई लिन सकिन्छ ।

वास्तवमा विदेशमा जाने प्रचलनको विकास र विस्तार सन् १०५० को दशक पछि नै भएको हो (दाहाल, २०५५) । यसपछि नेपाल पनि खुल्ला अर्थव्यवस्थामा अगाडि बढ्न थाल्यो र सन् १९६३ (वि.स. २०२०) सालपछि विभिन्न ठाउँमा नेपाली आप्रवासीलाई दुः ख दिएको अनि रोजगारीमा गएका व्यक्तिले पनि दुः ख पाएको तथ्यहरू प्रकाशमा आउन थाल्यो । यसका साथै नीजि क्षेत्रहरूको सहभागिता विभिन्न देशमा बढ्न थालेपछि नेपाल सरकारले वि.स. २०२८ सालमा श्रम विभाग र वि.स. २०३८ सालमा श्रममन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लैजाने नीति लिन थाल्यो । यसरी जब मन्त्रालयको गठन भयो त्यसपछि विशेषगरी वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्न सकिन्छ र भैपरी आउने जटिल समस्याका समाधानको लागि वि.स. २०४२/०३/०२ गते देखि लागू हुने गरी वैदेशिक रोजगार ऐन ४२ को स्थापना भयो । यस ऐन आएपछि वैदेशिक रोजगारका क्षेत्रमा केही परिमार्जन र सरलता आएकाले यस क्षेत्रको संस्थागत विकासमा एउटा क्रान्तिकारी परिवर्तन नै आयो । त्यस ऐनलाई विभिन्न समयमा संशोधन गर्दै हाल मिति २०६४/०५/ १९ गते देखि लागू हुनेगरी संशोधित वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ निर्माण भएको छ । यसरी क्रमिक रूपमा विकास हुँदै आएर नेपालमा हाल वैदेशिक रोजगारको संस्थागत (६३१ मेनपावर कम्पनी) रूपबाट संचालन भएको पाइन्छ । (वैदेशिक रोजगार ऐन,२०६४) ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार संचालन गर्न पाउने मुलुक तोक्ने व्यवस्था रहेको छ। उपरोक्त तोकिएका मुलुकहरू मध्ये नेपाल सरकारले कुनै मुलुकमा वैदेशिक रोजगार व्यवसाय संचालन गर्न नपाउने गरी खास समयका लागि स्थागन गर्न सकिने छ भनि उल्लेख गरिएको छ ( वैदेशिक रोजगार ऐन, २०६४) । यसै सन्दर्भमा नेपाल सरकारले दुबई, कतार साउदीअरब मलेसिया, इजिप्ट, फ्रान्स लगायत विश्वका १०८ मुलुकहरूमा वैदेशिक रोजगार संचालन गर्न इजाजत प्राप्त संस्था (६३१ मेनपावर) लाई सेवा संचालन गर्न दिए पनि त्यस मध्ये इराकका

लागि हाल इजाजत रोक्का गरेकाले वर्तमानमा जम्मा १०७ मुलुकहरूमा मात्र वैदेशिक रोजगारीको ढोका खुल्ला गरेको छ (दाहाल, २०६६) ।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई दुई किसिमले परिभाषित गरेको देखिन्छ :

१. तलबी रोजगार : यस अन्तर्गत व्यक्तिहरू जसले कुनै निश्चित समयमा कुनै कार्य गरेवापत ज्याला, नगद, जिन्सी वा तलब प्राप्त गर्दछन् । त्यस समयमा विदामा बसेतापनि उनीहरूलाई त्यो कार्यसँग औपचारिक रूपमा सम्बन्धित हुन्छन् भने ती सबै तलब रोजगार अन्तर्गत पर्दछन् ।

२. स्वरोजगार : यस अन्तर्गत कुनै पनि व्यक्तिले आफ्नै व्यवसाय ज्याला नलिइ पारिवारिक लालन पालन, नगद वा जिन्सीका लागि आफैले गर्ने कार्य वा रोजगारी पर्दछ (ज्ञवाली, २०५७) ।

नेपाली बृहत् शब्दकोशका अनुसार “रोजगारी भन्नाले व्यक्ति जो चलनचल्तीका ज्यालादरमा काम गर्दछ” भन्ने उल्लेख गरिएको छ (नेपाल प्रज्ञा प्रतिष्ठान, २०६१) ।

नेपालका अधिकांश जनता ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । आर्थिक रूपले सक्रिय जनसंख्याको १% जनता कृषि पेशामा लागेको पाइन्छ (राष्ट्रिय जनगणना २०५) । ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अवसर कम हुने र कृषि व्यवसाय पनि जीवन धान्ने किसिमको मात्र हुँदा वार्षिक रूपमा थपिने बेरोजगारीको कारणले श्रम शक्तिलाई रोजगारको समस्या परेको छ । नेपालका उद्योग प्रतिष्ठानहरूमा रोजगारी प्राप्त गर्ने मनसायले ग्रामिण श्रमशक्ति शहर केन्द्रित हुँदै शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्या अधिक भएको, गाउँबाट आन्तरिक बसाइसराई एवम् कामको खोजीमा आउने, खुला सिमानाबाट हुने बाह्य बसाइसराई एवम् कामको खोजीमा नेपाल आउने पनि बेरोजगारी समस्या झन विकराल हुँदै गएको छ । यही कुरालाई ध्यानमा राखी नेपाल सरकारले मुलुक भित्र दीर्घकालिन व्यवसायका रूपमा वैदशिक रोजगारको व्यवस्थामा सुधार गर्दै आइरहेको देखिन्छ । जस्तो नेपाल सरकारले ६३१ मेनपावर कम्पनिलाई  वैदेशिक रोजगारका लागि १०७ देशहरूमा इजाजत दिएको छ । त्यसैगरी नेपाल

सरकारले केही मात्रामा भएपनि बंगलादेश, चीन, जर्मनी, मलेसिया, अमेरिका लगायत १८ मुलुकहरूमा नेपाली दुतावासहरू संचालन गरेको छ (दाहाल, २०६६) ।

वैदेशिक रोजगार ऐन लागू भएपछि वैदेशिक रोजगार सेवा एवम् व्यवसायलाई व्यवस्थित र संस्थागत रूपले विकास गर्न छैंठौ योजनादेखि सुरू भएको हो । यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत अन्तरिम त्रिवर्षिय योजनामा समेत नेपाली श्रमिकहरूको निम्ति वैदेशिक रोजगारका अवसरहरू पहिल्याउँदै यस किसिमका रोजगारमा वृद्धि गर्दै तथा वैदेशिक रोजगारमा संलग्न श्रमिकहरूको ज्यान धनको सुरक्षाका लागि नेपालका कुटनैतिक नियोग वा अन्य सरकारी निकायहरूलाई परिचालन गरिने कुरा उल्लेख गरिएको छ (रा.यो.आ. २०६५) ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरूले विभिन्न संस्था मार्फत जाँदा नेपाल सरकारले तोकेको रकमभन्दा बढी रकम नतिरोस् भन्नका लागि विभिन्न देशहरूमा जानका लागि अधिकतम कूल लागतलाई विभिन्न देश अनुसार फरक-फरक ढंगले निर्धारण गरी देहायबमोजिम उल्लेख गरिएको छ ।

वैदेशिक रोजगार सम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभर २० करोड ५० लाख भन्दा बढी नागरिक आफू जन्मेको भूमिछाडी कामका निम्ति अन्य मुलुकमा गएको देखिन्छ । नेपालको सन्दर्भमा वैदेशिक रोजगार विभागको तथ्याङ्कलाई हेर्ने हो भने आ.व. २०६८/६९ मा २,१९।३६५ जना २०६६/६७ मा २, ४९, ०५१ जना र २०६४/६५ मा २,०४,५३३ जना नेपाली रोजगारीका लागि विभिन्न देशमा गएका थिए । त्यसै गरी २०६२/ ६३ मा १, ६५, २५२ जना नेपाली कामदारहरू रोजगारीका लागि विदेशिएका देखिन्छन् । यस अघि २०६१/६२ मा १,३९, ७१८ नेपाली कामदार विदेशिएका थिए भने २०६०/६१ मा १,०६, ६६० जना नेपाली कामदार विदेशिएको देखिन्छ । यस कुराले के प्रष्ट पार्छ भने नेपालीहरू वैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ ।

वि.स. २०५२ मा ने.क.पा. माओवादीले सशस्त्र जनयुद्ध थालेपछि द्धन्द्धका कारण नेपाली युवायुवतीहरू विदेशिने क्रम ह्वात्तै बढेको देखिन्छ । तर माओवादी २०६३ सालमा शान्ति प्रक्रियामा आपछि मुलुमकमा लोकतन्त्र स्थापना भएपनि नेपालीहरू विदेशिने क्रम रोकिएन । यस तथ्याङ्कलाई हेर्ने हो भने द्वन्दको मारमा पर्नु भन्दा स्वदेशमा रोजगारीको अभावले नेपालीहरू

विदेशिएको स्पष्ट हुन्छ । यसका साथै व्याप्त अशिक्षा, बेरोजगारी, न्युनतलब, निरन्तरको द्वन्द र रोजगार कम्पनीको अभावमा नेपालीहरू विदेशिने गरेको कुरा तथ्याङ्कले देखाउँछ । देशमा पटक-पटक सरकार परिवर्तन भएपछि रोजगारीको सिर्जनाका लागि कुनै पनि सरकारले नयाँ योजना ल्याउन नसक्नु र नेपाली मुद्राको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपालीहरू वैदेशिक रोजगारका  लागि बढी आकर्षित हुने गरेको देखिन्छ (के.सी., २०६६) ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

यस अध्यनमा सैनपसेला गा.वि.स. वडा नं. ५ र ६ अन्तर्गत दलित परिवारबाट वैदेशिक रोजगारमा संलगन व्यक्तिहरूको पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नका लागि प्रयोग गरिने अनुसन्धानका विधिहरूका बारेमा वर्णन गरिएको छ । यस अध्ययनका निम्ति निम्न अनुसन्धानका विधिहरूका माध्यमबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको औचित्य :-

यस अध्ययनको लागि बझाङ्ग जिल्लाको सैनपसेला गा.वि.स. वडा नं. ५ र ६ अन्तर्गत दलित बस्तीको छनौट गरिएको छ । यस क्षेत्रमा धेरै जसो व्यक्तिहरू स्थानीय स्तरका रोजगारी लगायत कृषिमा निर्भर पर्ने अवस्था र ग्रामिण क्षेत्र भएकाले रोजगारीका लागि प्रशस्त संभावना नभएकाले वैकल्पिक रूपमा जनशक्ति वैदेशिक रोजगारमा जाने क्रम निरन्तर चलिरहेको छ । जसले गर्दा यस क्षेत्रमा वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा प्रभाव पारेको देखिन्छ । यसरी वैदेशिक रोजगारले उल्लेखित जीवनहरूका कुन पक्षमा के कस्तो असर पारेको छ भन्ने कुराको बारेमा जान्नका लागि यो क्षेत्रको छनौट गरिएको छ । यस स्थानलाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरू निम्नानुसार छन् :

- यस स्थानमा वैदेशिक रोजगारमा व्यक्तिहरूको संलग्नता दिनप्रतिदिन वृद्धि हुँदै गएकाले ।
- वैदेशिक रोजगारमा संलग्न व्यक्तिको पारिवारिक जीवन (आम्दानी, पेशा, बसोबासको स्थिति) मा परिवर्तन आई यसको प्रभाव समाजमा देखिएकाले ।
- वैदेशिक रोजगारप्रति सम्बन्धित व्यक्तिको धारणा तथा भोगाइ बुझ्नका लागि ।
- शोधकर्ता यस स्थानमा स्थायी बसोबास गर्ने व्यक्ति भएको हुनाले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले ।

## ३.२ अनुसन्धान ढाँचा

यस अन्तर्गत गुणात्मक तथा संख्यात्मक दुबै खाले अनुसन्धान विधिको प्रयोग गरिएको छ । सामान्यत परिमाणात्मक तथ्यहरू संकलन गरी यस अध्ययनलाई बढी सुदृढ गरिएको छ । जसका लागि संख्यात्मक तथ्याङ्क विधिलाई बढी प्रयोग गरेतापनि गुणात्मक विधिलाई पनि त्यत्तिकै महत्व दिइएको छ ।

## ३.३ छलफल विधि

अध्ययनका लागि सैनपसेला गा.वि.स. ५ र ६ अन्तर्गगत दलित परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको परिवारहरू तथा स्वयं सम्बन्धित व्यक्तिहरूलाई पनि लिइएको छ । जस अन्तर्गत यस गा.वि.स. को वडा नं. ५ र ६ वडामा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको घरधुरी संख्या ५२ रहेको छ । यस मध्ये ३२ घरधुरीमा वैदेशिक रोजगारमा संलग्न परिवारको सदस्यलाई समावेश गरिएको छ भने २० घरधुरीमा स्वयं वैदेशिक रोजगारमा संलग्न भई फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्दा दुबै प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरिएको. छ । घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन, वैयक्तिक अध्ययन र समूह छलफलको माध्यमबाट प्राथमिक तथ्याङ्क गरिएको छ भने द्वितीय तथ्याङ्कका लागि गा.वि.स., जि.वि.स., वडाहरू, विभिन्न किसिमका सरकारी कार्यलयका साथै विविध पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, अभिलेख, विभिन्न समाचार, विद्वानहरूका लेखरचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्वानबाट लेखिएका सम्बन्धित पुस्तकहरूका साथै शोधपत्र आदिको अध्ययन गरिएको छ ।

## ३.५ कार्य क्षेत्र अध्ययनको पक्रिया

सर्वप्रथम अनुसन्धानकर्ताको नाताले म आफ्नो अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्न घरधुरी सर्वेक्षणका आधारमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न प्रत्येक व्यक्तिका घरमा पुगें । त्यस पश्चात् मेरो अध्ययनको उद्देश्य बनाएँ । त्यसै उद्देश्य अनुरूप निर्माण गरिएका प्रश्नहरूलाई घरमुली वा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई अन्तर्वार्ताका माध्यमबाट सोधी घरधुरी सर्वेक्षण फारम भरें । फारम भर्ने क्रममा आवश्यक अवलोकन गर्दै अन्तर्वार्ताका क्रममा सन्दर्भ अनुसार उपयुक्त केही व्यक्तिहरूका भोगाइहरूलाई पनि वैयक्तिक अध्ययनका लागि बुँदागत रूपमा टिपोट गरियो । यसरी माथि उल्लेखित प्रक्रिया सकिए पछि अध्ययनलाई अगाडि बढाउने क्रममा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई २ समूहमा विभाजन गरी समूह छलफलका लागि तयार गरिएको संरचित प्रश्नहरूको आधारमा समूह छलफललाई अगाडि बढाएर त्यसबाट आवश्यक तथ्याङ्कहरूलाई बुँदागत रूपमा टिपोट गरिएको थियो ।

## ३.६ तथ्याङ्क संकलन विधि

यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका बासिन्दाहरूसँग सम्बन्धित आत्मियता तथा विश्ववासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउन प्रयास गरिएको छ । यस अध्ययनमा घरधुरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन, वैयक्तिक अध्ययन तथा छलफल विधि प्रयोगमा ल्याइएको छ ।

### ३.६.१ घरधुरी सर्वेक्षण

यस अन्तर्गत वैदेशिक रोजगारमा संलग्न व्यक्तिका घरहरूमा (५२ घरधुरी) गएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा उनीहरूको परिवारको पारिवारिक, जनसांख्यिकी, आर्थिक, सामाजिक, शैक्षिक पक्षहरूका बारेमा तथ्याङ्क संकलन गरियो ।

### ३.६.२ अन्तर्वार्ता

यस अन्तर्गत सम्बन्धित क्षेत्रका व्यक्तिसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयका बारेमा तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ता बीच दोहोरो व्यवस्थित वार्तालाभका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जहाँ व्यक्तिगत तहमा रहेर शोधकर्ताले उत्तरदातासँग प्रत्यक्ष रूपमा भेटघाट गरी आवश्यक सूचना लिने भएकाले संकलित सूचनामा विश्वसनीयता र सत्यता रहने अनुमान गरिएको छ । यस क्रममा जम्मा ५२ घरधुरी मध्ये ३२ घरधुरीमा अन्तर्वार्ताका लागि वैदेशिक रोजगारमा संलग्न व्यक्तिका घरमुलीलाई समावेश गरिएको छ भने बाँकी २० घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई समावेश गरिएको छ ।

यसरी अन्तर्वार्ताका क्रममा सम्पूर्ण उत्तरदाताहरू उत्तर दिनका लागि तत्पर रहेको अर्थात अन्तर्वार्तामा भाग लिनका लागि राजी भएका थिए । तर यति हुँदाहुँदै पनि कतिपय उत्तरदाताहरू अशिक्षित भएका कारण प्रश्नहरूको उत्तर दिँदा अलमलिएको र प्रश्न अनुसारको उत्तर नदिई अन्य कुराहरू वा आफ्नो जीवन कहानी नै सुनाउन पाइयो । यस अवस्थामा शोध कर्ताको नाताले सहभागिहरूलाई ध्यानमा राख्दै अलमलिएको ठाउँमा राम्रोसँग बुझाएर प्रश्न अनुसारको उत्तर तर्फ लाग्नु परेको थियो । समग्रमा अन्तर्वार्ताको समयमा उत्तरदातासँग कुरा गर्दा आफ्नै परिवारका सदस्यसँग कुराकानी गरिरहेको आभास भइरहेको थियो ।

### ३.६.३ अवलोकन :-

अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरू व्यक्ति स्वर्य नै अध्ययन क्षेत्रमा गई तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागि अवलोकन भनिन्छ । यसै सहभागि अवलोकन विधिबाट सैनपसेला गा.वि. स.वडा नं. ५ र ६ अन्तर्गत दलित परिवारबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूका पारिवारिक विवरण (पारिवारिक संरचना, पेशा, पशुपंक्षी, घर) र आर्थिक तथा सामाजिक विवरण (हालको पेशा, आम्दानीमा परेको प्रभाव, आर्जित पैसाको उपयोगिता, सामाजिक अवस्था) सँग सम्बन्धित पक्षहरूका बारेमा तथ्याङ्क संकलन गर्नका लागि यस विधिलाई प्रयोगमा ल्याइएको छ ।

### ३.६.४ वैयक्तिक अध्ययन :-

यस अन्तर्गत सन्दर्भ अनुसार सम्बन्धित क्षेत्रका सम्बन्धित व्यक्तिहरूसँग उनीहरूले वैदेशिक रोजगारीमा भोगेका भोगाइहरूको बारेमा विस्तृत अध्ययन व्यक्तिगत रूपमा गरिएको छ । जसले केही हदसम्म वैदेशिक रोगारका बारेमा यथार्थता प्रष्ट्याउन सफल भएको छ ।

### ३.६.५ समूह छलफल :-

यस अन्तर्गत वैदेशिक रोजगारबाट फर्किएका २० जनालाई १० जनाका दरले २ समूहमा विभाजन गरी एउटा निश्चित ठाउँमा बसेर उनीहरूले वैदेशिक रोजगारमा संलग्न हुनुका कारण, वैदेशिक रोजगार सम्बन्धी धारणाका बारेमा छलफल गरियो । जसमा उनीहरूले आफ्नो कुराहरूलाई स्वतन्त्र रूपमा राखेका थिए । केही व्यक्तिहरूका भनाइमा फरक भएपनि धेरै व्यक्तिहरूको जवाफमा एक रूपता पाइएको थियो । जुन कुरालाई पछाडिका अध्यायमा उल्लेख गरिएको छ । यस किसिमको छलफलले शोध कार्यलाई निकै नै सहयोग गरेको पाइयो ।

## ३.७ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण :-

अध्ययन क्षेत्र तथा शोधको उद्देश्यसँग सम्बन्धित भएर संकलित विभिन्न किसिमका तथ्यहरूको प्रकृति अनुसार वर्गीकरण गरेर विश्लेषण गरिएको छ । तर विश्लेषण गर्नु पूर्व उक्त संकलित तथ्यहरूलाई सरल तरिकाले सबैले बुझ्ने गरी तालिकीकरण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई राम्रोसँग बुझिने गरी तालिकीकरण गरी स्पष्ट पारिएको छ ।

## ३.८ अध्ययनको सीमा :-

यस शोधको कार्यक्षेत्र बझाङ्ग जिल्ला सैनपसेला गा.वि.स. जडा नं. ५ र ६ दलित परिवारबाट वैदेशिक रोजगारमा संलग्न भएका केही व्यक्तिहरूलाई छलफल विधिको आधारमा छनौट गरी अध्ययन गरिएकाले यसले समग्र देश भरिकै वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको विषयलाई प्रतिनिधित्व नगर्न सक्छ । तर त्यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न

भएका व्यक्तिहरूको बारेमा जानकारी भने यस अध्ययनले दिन सक्नेछ । साथै यस अध्ययनमा वैदेशिक रोजगारले पारेको सबै पक्षको प्रभावका बारेमा अध्ययन नगरी सिमित पक्ष र विषयका बारेमा मात्र अध्ययन गरिएका शीर्षक अनुसार उचित वा पूर्ण नहुन सक्छ ।

# अध्याय -चार

## अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

### ४.१ भौगोलिक परिचय

नेपालको सुदुरपश्चिम विकास क्षेत्रको सेती अञ्चलका ५ जिल्लाहरू बझाङ्ग, बाजुरा, डोटी, अछाम र कैलाली मध्ये सबैभन्दा माथिल्लो क्षेत्रमा अवस्थित जिल्ला बझाङ्ग जिल्ला हो । यो जिल्ला हिमाली प्रदेशमा पर्दछ । यस जिल्लाको पूर्वमा बाजुरा र पश्चिममा बैतडी र दार्चुला र उत्तरमा चीन र मुगु जिल्ला पर्दछ । दक्षिणमा डोटी र कैलाली जिल्ला पर्दछन् । यो जिल्ला समुन्द्र सतहदेखि अनुमानित १२०० मिटर उचाइ देखि ७०२५ मिटर उचाइ सम्म साईपाल हिमाल रहेको छ । यहाँको भौगोलिक बनावट भिरालो र सम्म बेशी फाटहरु घना बस्ती रहेको छ । जहाँ केन्द्रबाट जादाँ काठमाडौंबाट परिश्चम नाका थानकोटबाट नारायणघाट, बुटवल, दाङ, नेपालगञ्ज, धनगडी, अतरिया हुँदै पहाडको बस यात्रा तय गरेपछि बझाङ्ग जिल्ला पुग्नु अगाडि डोटी, डडेलधुरा र बैतडीका विभिन्न स्थान पार गरि बझाङ्गको परिश्च क्षेत्र वित्थड देउलेख, झोता हुँदै मौरीबगरमा झरेपछि करिब ३ घण्टाको उकालो पथ यात्रा गरेपछि अध्ययन क्षेत्र सैनपसेला गा.वि.समा पुग्न सकिन्छ ।

### ४ .२ अध्ययनको क्षेत्र सैनपसेलाका दलित समुदाय

अध्ययन क्षेत्र सैनपसेला गा.वि.स.को दलित समुदाय करिब ५ र ६ वडा मा बसोबास गर्दै आएका छन् । जुन गा.वि.स. भवनबाट नजिकै पर्दछ । यसको वरिपरि क्षेत्री समुदायको बाहुल्यता रहेको छ । भौगोलिक रुपमा पूर्वमा बिसौना चौर पर्छ भने उत्तरमा वडा नं. ६ पर्दछ । र पश्चिमा वडा नं. २ र ३ पर्दछन् । दक्षिण तर्फ वडा नं. १ पर्दछ । जहाँ विभिन्न क्षेत्री जातका समुदाय बसोबासद गर्दछन् । दलित समुदायको बस्तीमा वडा नं. ५ र ६ मा जम्मा जनसंख्या गा.वि.स. रेकडमा भेटाए अनुसार १२०० रहेको छ । जसमा पुरुषको संख्या ५७६ छ भने महिलाको संख्या ६२४ रहेको छ र यसका साथै जम्मा दलित घरधुरी संख्या २८५ रहेका छ । प्राय गरी दलित जातिको बसोबास ५ र ६ वडा मा पुरै भएकाले उनीहरुको आफ्नै खालको

सामाजिक परिवेश रहेको पाइन्छ । र जसमा पूर्ण रुपमा मौलिक समुदायको रुपमा पहिचान कायम गर्न यो समुदाय सफल रहेको छ ।

## ४.३ पारिवारिक विवरण

यस अन्तर्गत वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारिक विवरणबारे अध्ययन एवम् प्रस्तुतीकरण गरिएको छ । जसमा सहभागिहरूको पारिवारिक विवरण अन्तर्गत उमेर/ लिङ्ग पारिवारिक संरचना, जाति, पेशा, जमिन, आम्दानी, पशुपंक्षी, घरको किसिम आदिको बारेमा तालिका बनाई विश्लेषण गरिएको छ ।

### ४.३.१ उमेर र लिङ्गगत संरचना :-

कुनै पनि स्थानमा विशेषमा रहेको जनसंख्यालाई त्यहाँ रहेको मानिसहरूको उमेर र लिङ्गले निर्धारण गर्ने गर्दछ । यसका साथै वैदेशिक रोजगारका सन्दर्भमा उमेर र लिङ्गको त्यति कै ठूलो महत्व रहेको हुन्छ । यसरी वैदेशिक रोजगारमा संलग्न हुने उमेर र लिङ्गका बारेमा जानकारी लिन वा कुन उमेर समूहका जनसंख्या कति मात्रामा र अध्ययन क्षेत्रमा रहेका छन् भनि बुझ्न उमेर र लिङ्गगत विवरणलाई तालिका २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १**

**दलित बस्तीबाट वैदेशिक रोजगारमा संलग्न परिवारको उमेर /लिङ्गगत जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| २०-३० | ३७ | १७.६२ | ३० | १५.० | ६७ |
| ३०-४० | १५८ | ७५.२३ | १५२ | ७६.० | ३१० |
| ४० + | १५ | ७.१४ | १८ | ९.० | ३३ |
| जम्मा | २१० | १००.०० | २०० | १००.०० | ४१० |

स्रोत : स्थलगत सर्वेक्षण

तालिका नं. १ को आधारमा विभिन्न उमेर समूहमा तुलनात्मक रूपमा महिलाभन्दा पुरुषको संख्या नै बढी पाइयो । जुन हाम्रो पितृसत्तात्मक परिवार वा छोरालाई बढी प्राथमिकता

दिने चलनसँग नजिक रहेको देखिन्छ । यसरी जम्मा ५२ घरधुरी मध्ये महिलाको संख्या २०० देखिनु र पुरुषको संख्या २१० देखिनुले पनि यस कुरालाई पुष्टि गर्न मद्दत गरेको देखिन्छ । यसका साथै उमेरगत कुरालाई अध्ययन गर्दा विशेषत ३० देखि ४० वर्ष उमेर समूहका व्यक्तिको संख्या नै बढी पाइयो । जसलाई हामी सक्रिय जनशक्तिका रूपमा पनि लिन सक्छौ । जुन उमेर समूह वैदेशिक रोजगारमा संलग्न हुने उमेर समूह पनि हो । अध्ययनको क्रममा यही उमेर समूहका व्यक्ति नै वैदेशिक रोजगारमा संलग्न रहेको पाइयो । जसले गर्दा परिवारमा केटाकेटी, महिला र बुढाबूढीका बाहुल्यता पाइयो । यसका साथै घरभित्र र घरवाहिरको सम्पूर्ण कामको जिम्मेवारी पनि महिलाले नै सम्हालेको पाइयो ।

### ४.३.२ पारिवारिक संरचना

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रूपमा रहेको मानिस सामाजिक रूपमा रूपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको सन्दर्भमा पारिवारिक बनावटका आधारमा एकात्मक र संयुक्त परिवार रहेको देखिन्छ । एकात्मक परिवारले श्रीमान, श्रीमती, तिनीहरूका अविवाहित छोराछोरीको संयुक्त बसोबासलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरू एकै साथै बस्ने गर्दछन् । यसै गरी परिवारको पालनपोषण वा जीवनस्तरलाई माथि उठाउने वा संचालन गर्नका लागि बेरोजगार सदस्यहरू रोजगारका लागि वैदेशिक रोजगारमा संलग्न हुने वा वैकल्पिक रूपमा वैदेशिक रोजगार पारिवारिक संरचनासँग जोडिएको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रको परिवारको विवरणलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारिक संरचनाको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ३२ | ६१.५३ |
| संयुक्त | २० | ३८.४६ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं. २ अनुसार अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये एकात्मक परिवारको बाहुल्यता देखियो । यस अन्तर्गत सहभागि अवलोकनका आधारमा एकात्मक परिवारको बाहुल्यता ब्राह्मण र क्षेत्रीमात्र पाइयो भने संयुक्त परिवारको बाहुल्यता तुलनात्मक रूपमा थारू र मगर जातिमा पाइयो । यसका साथै एकात्मक परिवारमा आफ्ना साना साना छोराछोरी र श्रीमतीलाई छाडेर गरिबी वा बेरोजगारीका कारणले विदेशमा गएको र धनका लागि आफन्तबाट टाढा रहेको अवस्था देखियो भने संयुक्त परिवारमा पनि बुढाबुढी बाबुआमालाई छोडेर पैसाकै लागि विदेश गएको अवस्था देखियो । बुढा आमाबुबा तथा साना छोराछोरीले आफ्नो आफन्तले स्वदेशमै रोजगारी पाए विदेश नपठाउने वा पैसाकै लागि आफन्तलाई अर्को मुलुकमा पठाएको बताए । यसका साथै समूह छलफलमा संलग्न वैदेशिक रोजगारमा गएर फर्किएका धेरै व्यक्तिहरूले वैदेशिक रोजगारले आफ्नो आर्थिक तथा सामाजिक अवस्थामा सुधार आएपनि आफ्नो परिवारका सदस्यहरूलाई छोड्नुको पीडा सुनाए । यस अन्तर्गत एक जना सहभागिले आफू वैदेशिक रोजगारमा संलग्न भएको केही दिनमा नै आफ्नो बाबुको मृत्यु भएको र तत्काल फर्कन सक्ने अवस्था नभएकाले तीन वर्षपछि नेपाल फर्किएर बाबुको काजक्रिया गरेको कुरा बताए । त्यसै गरी दुई वर्षको सन्तानलाई छोडेर विदेश लागेपछि विदेशी भूमिमा काम गर्दा सधै त्यो नाबालक सन्तानको सम्झनाले सारै सताउने र आफ्नो जीवन संगिनीसँग टाढा हुँदाको तितो पीडा अर्का सहभागिले सुनाएका थिए । त्यसैले उनीहरूले नेपालमा रोजगारीको अवस्था सिर्जना भएमा वैदेशिक रोजगारलाई वैकल्पिक बाटोको रूपमा लिन सकिने कुरा बताएका थिए । यसैगरी आफ्नो घरको पुरुष सदस्य वैदेशिक रोजगारमा

संलग्न भई सकेपछि परिवारको जिम्मेवारी (केटाकेटीको हेरविचार, शिक्षा, दिक्षा, लालनपालन, स्वास्थ्य उपचार, पशुपंक्षी तथा बालिनालीको हेरविचार) महिलालाई पर्न गएको देखियो । जुन परिवार मात्र नभएर सामाजिक रूपमा (भेला समारोह, मेलापात, कुलापानी, बाटोघाटो निर्माण) पनि महिला नै सहभागि भएको देखियो । जुन कुरालाई पुष्टि गर्न अध्ययन क्षेत्रको एक महिलाको वैयक्तिक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ :

वर्ष २६ कि एक दलित परिवारकी युवती वि.स. २०६१ सालमा प्रेम विवाह गरेर यस अध्ययन क्षेत्रकै युवासँग वैवाहिक सम्बन्धमा बाँधिएकी थिइन । प्रेम विवाह गरेपछि करिब १ वर्षसम्म उनीहरू पारिवारिक जीवनमा सासु ससुरासँग बसोबास गर्दै आएकोमा आफ्नो श्रीमानको कमाइ नभएकाले सासु ससुराले उनीहरूलाई अलग्याई वा छुट्याई दिएपछि जेनतेन श्रीमानले स्थानीय स्तरमा रहेको बोडिङमा अध्यापन गराउँदै आएका थिए । त्यसबेला उनीहरूको एउटा बच्चा थियो भने २०६४ सालमा आएर पुनः अर्को बच्चा जन्मियो । यसरी परिवारमा श्रीमानको मात्र कमाइले जीवन धान्न गाह्रो भयो । त्यसपछि श्रीमान २०६५ मा आफ्नो परिवारको भविष्य उज्ज्वल बनाउने आशाले वैदेशिक रोजगारका लागि कतार तर्फ लागेको कुरा बताइन । त्यसपछिका दिनहरूमा उनलाई घर व्यवहारको सबै आफै एक्लैले केटाकेटीको हेरविचार, पशुपंक्षी लगायत बालिनालीको हेरविचार आदि कार्य सबै आफै एक्लैले गर्नु परेको कुरा गरिन् । त्यसभन्दा अगाडि उनले केवल घरभित्रको काम (चुल्हो चौका, केटाकेटीको हेरविचार, सरसफाई आदि ) मात्र गर्नु पर्ने अवस्था रहेको थियो । जसले गर्दा उनले आफ्ना सन्तानलाई राम्रोसँग समय दिन नसकेकाले उनीहरू विभिन्न रोगले ग्रसित भएको कुरा बताइन् ।

अर्को तर्फ श्रीमानको कमाइ पनि त्यति राम्रो नभएकाले नत श्रीमान फर्केर आउने अवस्था रहेको थियो । किनकी वैदेशिक रोजगारमा संलग्न हुँदा लागेको ऋण तिर्नलाई पनि श्रीमान वैदेशिक रोजगारमा बसिरहेको बताइन् । अहिले आएर उनीहरूलाई कामको भार बढी परिरहेको र यसका साथै पारिवारिक रूपमा मात्र नभएर सामाजिक कार्यमा पनि उनको संलग्नता रहेको कुरा बताइन् । यस्तो हुनु वा महिला सक्रियता वा सहभागिता बढ्नु राम्रो भएपनि आफूलाई कार्यको भार एक्लै बहन गर्नु परेकोमा साह्रै गाह्रो भएको बताइन् ।

यसरी उनको यो भोगाईले के बुझियो भने पारिवारिक संरचनामा पनि विशेषत एकात्मक परिवारमा घरमुली श्रीमान वैदेशिक रोजगारमा संलग्न भएपछि एकातिर घर परिवारको सम्पूर्ण जिम्मेवारी महिलाले बहन गर्न परेकाले दोहोरो कार्यभार (घरभित्र र बाहिर) महिलामा पर्न गएको देखियो भने अर्को तर्फ पारिवारिक तथा सामाजिक रूपमा महिलाको सक्रिय सहभागिता सहने संस्कृतिको विकास भएको देखियो । जसलाई हामी समाजमा रहेको लैङ्गिक सम्बन्धमा आएको परिवर्तनका रूपमा लिन सक्छौं ।

### ४.३.३ पेशा

कुनैपनि समाज तथा समुदायमा पेशा भन्नाले त्यस क्षेत्रका व्यक्तिले गर्ने कार्य वा रोजगारलाई वुझ्न सकिन्छ । यो मुख्य रूपमा जीविकोपार्जन वा जिवीका अर्थात जीवन संचालन गर्नका लागि अपनाइने बाटो वा माध्यम हो । पेशालाई पनि परम्परागत तथा आधुनिक वा नयाँ गरी विभाजन गर्न सकिन्छ अर्थात पेशामा पनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसले प्रत्यक्ष रूपमा व्यक्ति वा परिवारको आय आर्जनमा असर पार्ने गर्छ किनकी पेशा नै अर्थोपार्जनको माध्यम हो । यसका साथै पारिवारिक पेशाले पनि वैदेशिक रोजगारमा सम्बन्ध राखेको हुन्छ । किनकी यही पारिवारिक पेशाले उनीहरूको परिवारको जीवन वा जीविका राम्रोसँग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ । तर अन्यथा यो बाध्यात्मक अवस्था हुन जान्छ । यसै सन्दर्भमा पारिवारका धैरै सदस्यहरूको सहभागिता र समयको आधारमा तालिका नं. २ मा वैदेशिक रोजगारमा संलग्न परिवारको मुख्य पेशालाई प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत पारिवारिक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३८ | ७३.०७ |
| नोकरी | ५ | ९.६१ |
| व्यापार | ६ | ११.५३ |
| मजदुरी | ३ | ५.७६ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका ३ अनुसार अध्ययन क्षेत्रको कूल घरधुरी मध्ये बहुसंख्यक घर कृषि पेशामा रहेको पाइयो र उक्त पेशाले पनि वर्षभरी खान नपुग्ने तथा आफ्ना अन्य अवश्यकताहरू पूरा गर्नका लागि वैदेशिक रोजगारमा गएको अवस्था देखियो । तालिकामा कृषि बाहेक देखिएका अन्य परिवारको परिवारको पेशा भएपाीन कृषिलाई सबैले अँगालेका तथा कहिले क्रमशः वैदेशिक रोजगारमा संलग्न सदस्यहरूले पठाएको पैसाले व्यापार गरेको देखियो । अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारिक पेशामा क्रमशः परिवर्तन आएको कुरा देखियो । जसले हिजोको समाजमा रहेको परम्परागत पेशालाई अहिले क्रमिक रूपमा परिवर्तन गर्दै गएको वा समाजमा हिजोको दिनमा एउटै पेशा (कृषि) अगाँल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेशा (व्यापार) अँगाल्न थालेको देखियो । यसैगरी नोकरीमा संलग्न भएको पारिवारिक संरचना एकात्मक देखियो । यसमा पनि नोकरीमा संलग्न हुनेहरू सरकारीमा कम (१ जना) र संस्थागत वा निजी अर्थात विभिन्न किसिमका कारखानामा बढी (४ जना) संलग्न भएको देखियो तर पनि वैदेशिक रोजगारले परम्परागत पेशाामा विस्तारै विस्तारै परिवर्तन ल्याउन थालेको देखिन्छ ।

### ४.३.४ आम्दानी

आम्दानी भन्नाले विशेषतः कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सीलाई बुझ्न सकिन्छ । जुन पेशासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ ।

त्यसै गरी आम्दानीको पनि वैदेशिक रोजगारसँग सम्बन्ध देखिन्छ । किनकी कुनै पनि परिवारको आम्दानीले उनीहरूको जिवीका चलाउन नसकिने अवस्थामा वैदेशिक रोजगार एउटा राम्रो माध्यम बन्न पुग्छ । यसरी पारिवारिक आम्दानीलाई तालिका ४ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

**वैदेशिक रोजगारमा संलग्न परिवारको आम्दानीको विवरण**

| आम्दानी -वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| २० हजारभन्दा कम | २९ | ५५.७६ |
| २० हजारदेखि ४०, ९९९ सम्म | १७ | ३२.६९ |
| ४१ हजारभन्दा माथि | ६ | ११.५३ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं. ४ ले के देखाउँछ भने अध्ययन गरिएका सबै घरहरूको आम्दानी ज्यादै कम भएको पाइयो । जसले गर्दा आफ्नो जीवनलाई अलिक राम्रोसँग संचालन गर्नका लागि उनका सदस्यहरू वैदेशिक रोजगारमा संलग्न भएको कुरा बताए । जसले केही हदसम्म आफ्नो आर्थिक स्थितिमा केही सुधार आएको र समाजमा पनि आफ्नो हैसियत केही राम्रो भएको कुरा बताए । अर्थात हिजोको सामान्य चाडपर्व मान्नलाई साहुको घरमा हात थाप्नु पर्ने परिवार अहिले आएर वैदेशिक रोजगारबाट प्राप्त पैसाले आफ्ना कार्यहरू सजिलोसँग संचालन गरिरहेको र हिजो खानाकै लागि समस्या सिर्जना हुने परिवारमा अहिले आएर लाउन खानको समस्या नरहेको कुरा धेरै सहभागिहरूले बताए ।[2] यसरी केही हदसम्म भए पनि वैदेशिक रोजगारीले सामाजिक सम्बन्ध परिवर्तन गर्न वा तोड्न सफल भएको देखिन्छ ।

### ४.३.५ जमिन

जमिनलाई विभिन्न तरिकाले बुझ्न सकिन्छ अर्थात यसको विभिन्न परिवेशमा विभिन्न अर्थ हुन सक्छ तर सामान्य अर्थमा भन्नुपर्दा जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पत्ति

[३] यस तालिकामा वैदेशिक रोजगारमा संलग्न भएको सदस्यको आम्दानीलाई देखाइएको छैन ।

हो, जहाँ व्यक्ति रहन्छ आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वा आफ्नो जिवीका सञ्चालनको माध्यम बनाउँछ । तर अहिले आएर जमिनलाई नगद वा खण्डीकरण गरी घरघडेरीमा विक्री गरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरूमा खेतीपाती गर्ने वा अन्न उब्जाउनका लागि प्रयोग गरिन्थ्यो । यसैगरी व्यक्ति वा परिवारसँग भएको जमिन पनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकी आफ्नो जमिन कम र भएको जमिनमा पनि खेतीपाती राम्रो नहुने अवस्था भएमा आफू र आफ्नो परिवारको जिवीका चलाउन व्यक्ति वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने अवस्था रहन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका परिवारको जमिनको अवस्थालाई तालिका नं ४ मा प्रस्तुत गरिएको छ  :

**तालिका नं. ५**

**वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ५ भारी | २४ | ४६.१५ |
| ५ देखि १० भारी | १६ | ३०.७६ |
| १० भारी भन्दा माथि | १२ | ३२.०७ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं. ५ अनुसार अध्ययन क्षेत्रका घर परिवारको जमिन त्यति धेरै नभएको पाइयो । यसका साथै सहभागिले यस क्षेत्रको जमिनमा पनि एक बाली मात्र लाग्ने र अन्य बालीहरूका लागि आकाशे खेतीमा भर पर्नु पर्ने परेको अवस्था तथा परम्परागत खेती प्रणालीका आधारमा खेती गरिने भएकाले उत्पादन पनि त्यति नहुने बताए । जसले गर्दा अहिलेका युवाहरूमा खेतीपाती प्रतिको धारणामा परिवर्तन आई वैकल्पिक पेशााको रूपमा वैदेशिक रोजगार लगायत अन्य पेशा अँगालेको कुरा बताए । यसरी कृषि पेशाले पारिवारिक जीवन चलाउन पनि धौ धौ परिरहेको अवस्था तथा जमिन पनि घरघडेरीका कारणले खण्डीकरण भएकाले गर्दा वैदेशिक रोजगारमा परिवारका सदस्य संलग्न हुनु परेको कुरा उत्तरदाताले बताए ।

यसैगरी तालिका नं. ५ मा वैदेशिक  रोजगारमा संलग्नहरूले जमिनको उपयोग कसरी गरिरहेका छन् भनि प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**

**जमिनको उपयोगिताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जमिन अधिया लगाउने | २२ | ४२.३० |
| जमिन ठेक्कामा दिने | १८ | ३४.६१ |
| आफ्नै जमिन | १२ | २३.०७ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं ६ अनुसार वैदेशिक रोजगारमा संलग्न परिवारमा धेरै परिवारले अर्काको जमिन अधिया लगाउने पाइयो । यसै क्रममा अधिया लगाउने पनि दलित र जनजातिहरू नै बढी मात्रामा रहेको देखियो भने जमिन अधियामा दिने परिवारको संरचनालाई हेर्दा एकात्मक परिवार पाइयो । यसका साथै केहिले ठेक्कामा लिने त केहिले आफ्नो लगाए तापनि भनेजस्तो उब्जाउ नहुने र खेती गर्दा आउने खर्च तथा मल खरिद पनि महँगो र भनेको समयमा नपाइने भएको अवस्थाले वर्ष दिन भरी पनि जीविकोपार्जन गर्न गाह्रो भएको अवस्था बुझियो । जसले गर्दा धेरै परिवारका सदस्य आफ्नो जीवन स्तरलाई केही हदसम्म माथि उठ्ने आशाले वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

### ४.३.६ पशुपंक्षी

सामान्य अर्थमा पशुपंक्षीको सम्बन्ध कृषिसँग रहने गर्छ । विशेषतः ग्रामिण परिवेश जहाँ खेतीपाती गरिन्छ । त्यस्तो क्षेत्रमा पशुपंक्षी बढी मात्रामा पाल्ने गरेको  देखिन्छ । यसका अलवा पशुपंक्षीलाई हामी नगदका रूपमा पनि लिन सक्छौ भने पशुपंक्षी पाल्ने कार्यमा सामाजिक, सांस्कृतिक मूल्य मान्यताले पनि प्रभाव पारेको देखिन्छ । यसै सन्दर्भमा तालिका नं. ९ मा

वैदेशिक रोजगारमा संलग्नहरूले के कस्ता पशुपंक्षी के कति मात्रामा पालेका रहेछन् भनेर बुझ्नका लागि पशुपंक्षीको विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ७**

**पशुपंक्षीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गाई/गोरु | २० | १२.५ |
| भैसी | १० | ६.२५ |
| भेडा/बाखा | ५० | ३१.२५ |
| सुँगुर | ३० | १८.७५ |
| हाँस/ कुखुरा | ५० | ३१.२५ |
| जम्मा | १६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. ७ अनुसार गाई, गोरु र भैंसी पाल्ने घर हाँस, कुखुरा, भेडा, बाखा, र सुँगुर पाल्ने घरभन्दा ज्यादै कम पाइयो । यसो हुनुको विशेषत परिवारका सदस्यहरू वैदेशिक रोजगारमा संलग्नभई सकेपछि घरमा काम गर्न सक्रिय जनशक्तिमा कमि आएको, जनसंख्या बृद्धिले गर्दा आवासको निर्माण भई चरीचरणका लागि समस्या सिर्जना भएको व्यक्ति तथा परिवारमा सुखमय र सजिलो जीवनयापन गर्ने खाले संस्कृतिको विकास भएको पाइयो । यसका साथै गाई गोरु र भैसीको तुलनामा अन्य पशुपंक्षी (हाँस, कुखुरा, बाखा, भेडा, सुँगुर) पाल्न सजिलो हुने र यसबाट तत्काल नै नगद प्राप्त गर्न सकिने भएकाले गाई, गोरु र भैसी पाल्ने घरधुरीमा कम देखिएको हो । यसका अलवा सुँगुर पाल्ने घर भनेको दलित, थारू र मगर पाइयो । यसरी सामाजिक सांस्कृतिक मान्यता र विश्वासले पनि पशुपालनलाई प्रभाव पार्ने गर्दछ (मोल्नार, १९८१) ।

### ४.३.७ घर

सामान्य अर्थमा घर व्यक्ति तथा परिवारको बासस्थानसँग सम्बन्धित छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यसै सन्दर्भमा तालिका नं. ७ मा वैदशिक रोजगारमा संलग्नहरूको घरको बनावटलाई  प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

**घर बनावटको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | ३२ | ६१.५३ |
| पक्की | २० | ३८.४६ |
| जम्मा | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. ८ ले के देखाउँछ भने अध्ययन क्षेत्रमा पक्की घरका तुलनामा कच्ची घरको संख्या बढी पाइयो । यसका साथै पक्की घरहरू पनि वैदशिक रोजगारमा संलग्न भएका मध्ये राम्रो देशमा गएका वा राम्रो कमाइ हुने सदस्याहरूको पाइयो । अर्थात धेरै पहिलेदेखि वैदेशिक रोजगारमा संलग्न भएका व्यक्ति वा परिवारको घर पक्की पाइयो । घरको बनावट पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको वैदेशिक रोजगारमा संलग्न देश, समय, कमाई आदिले निर्धारण गरेको पाइयो ।

यसका साथै घर निर्माण गर्नका लागि चाहिने कच्चा पदार्थहरू (सिमेन्ट, डण्डी, टायल, आदिको) को र ती घरमा रहेको विभिन्न सामानहरू (मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, फ्रिज आदि) को खरिद गर्दा व्यक्ति वा परिवारको पूँजी पुनः अन्य मुलुकमा गएको पाइयो । अर्थात वैदेशिक रोजगारबाट कमाएर ल्याएको पूँजी घर निर्माण लगायत सामान खरिदका कारण आफ्नै देशका नभएर अन्य देशमा पुग्न गएको पाइयो । सस्तो मूल्यमा नेपालबाट श्रमिक तथा कच्चा पदार्थ आयात गरी सस्तो श्रमिकको सहायताले प्रयोगको सामान निर्माण गरी पुनः नेपालमा नै निर्यात गर्ने र नेपाली पूँजी वा अर्थतन्त्र आफ्नो देशमा भित्र्याउने गरेको देखियो ।

यसका अलवा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले आफू फर्किदा आफू र आफ्नो परिवारका लागि विदेशी सामानहरू (मोवाइल, घडी, ल्यापटप, टेलिभिजन) ल्याउने प्रक्रियाले पनि विदेशमा कमाएको पैसा विदेशमा नै रहने गरेको देखिन्छ । जुन कुरा कार्लमार्क्स वा माक्सवादीहरूको धारणा अर्थात विश्व व्यवस्था सिद्धान्तसँग मेल खान गएको देखिन्छ ।

# अध्याय- पाँच

# वैदेशिक रोजगार र आर्थिक तथा सामाजिक सम्बन्ध

यस अध्यायमा वैदेशिक रोजगार र आर्थिक तथा सामाजिक सम्बन्धका बारेमा चर्चा गर्नका लागि विभिन्न शीर्षकमा तालिकाबाट र वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाइका कुराहरू अन्तर्वार्ता, वैयक्तिक अध्ययन तथा समूह छलफल विधिबाट प्रष्ट्याउने कोशिस गरिएको छ ।

## ५.१ वैदेशिक रोजगारको इतिहास

नेपालमा वैदेशिक रोजगारमा जाने प्रचलन धेरै अगाडिबाट भए पनि सन् १९५० पछि नेपालीहरू कामका सिलसिलामा वैदेशिक रोजगारमा संलग्न हुन थालेको देखिन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका व्यक्तिहरू धेरै अगाडिदेखि कामको सिलसिलामा भारतका विभिन्न ठाउँमा गएका भएतापनि यस अध्ययनमा भारत वाहेकका अन्य मुलुकहरूमा रोजगारीका लागि गएका व्यक्तिहरूलाई मात्र संलग्न गराइएकोले वैदेशिक रोजगारमा जाने चलन निकै पछिबाट भएको पाइन्छ । सर्वप्रथम यस क्षेत्रमा वि.स. २०५० सालमा क्षेत्री परिवारका एक जना व्यक्ति वैदेशिक रोजगारका लागि दक्षिण कोरिया गएका थिए । जति बेला अध्ययन क्षेत्रमा भर्खरै वैदेशिक रोजगारमा जाने क्रम चलेको थियो । यस समयमा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई औलामा मात्र गन्न सकिने उत्तरदाताहरूले बताए । यस समयमा वैदेशिक रोजगारमा गएका व्यक्तिको आर्थिक अवस्थामा धेरै सुधार आएको समाजमा उनको राम्रो छाप रहेको कुरा बताए । उक्त समयमा कमाएको पैसाले उनको पारिवारिक जीवनमा धेरै परिवर्तन ल्याउन सफल भएको उत्तरदाताले बताए । उनका अनुसार वैदेशिक रोजगारमा जानु अगाडि उनी र उनको परिवारले अर्काको खेतबारी कमाएर खाने गरेको र पछि रोजगारीका लागि उनी भारतमा गएकोमा त्यहीबाट उनको मालिकले उनलाई होटलमा काम गर्नका लागि कोरिया लगेको बताए । त्यहाँबाट कमाएको पैसाले अहिलेको अवस्थामा उनी र उनको परिवारले आफ्नो जमिन अरू कमाउन दिन सक्ने भएका छन् । उनका छोरा छोरी पनि बोडिङ स्कुलमा अध्ययन गरिरहेका

छन् । यसै गरी २ तले पक्की बसेर अहिले आफू अध्ययन क्षेत्रको ठूलो व्यापारिका रूपमा रहेको कुरा बताए । यसले गर्दा अध्ययन क्षेत्रका अन्य व्यक्तिहरू पनि वैदेशिक रोजगार प्रति आकर्षित हुन थाले । यस पछिका समयमा वैदेशिक रोजगारीका लागि गन्तव्य स्थल भनेको मलेसिया, साउदी, दुबई जस्ता खाडी मुलुकहरू हुन थाले । जुन देशमा जानका लागि १ देखि १ लाख ५० हजार सम्म लागत लगाएर सुरूका दिनहरूमा युवाहरू दलाल मार्फत विदेश पुग्न थाले । यसरी वैदेशिक रोजगारीमा जानेको संख्या क्रमशः वृद्धि भएरहेकामा देशको राजनैतिक अस्थिरताका कारणले सिर्जना गरेको सामाजिक असहजताले गर्दा वि.स. २०५६ देखि २०६३ को बीचमा यस वडाबाट विशेषतः खाडी मुलुकहरूमा वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिहरूको संख्यामा ज्यादै वृद्धि भएको देखिन्छ ।

यसका साथै हाल (२०६४) मा स्थापित सैनगाड लघु जलविद्युत परियोजनाले यस वडामा स्थानीय स्तरमा रोजगारीको अवस्था सिर्जना गरेकोले स्थानीय युवाहरू त्यही लघु जलविद्युत परियोजनामा संलग्न भएकाले वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा जाने संख्यामा पनि कमि भएको पाइयो तर अन्य राष्ट्रहरू जस्तो कोरिया, अमेरिका, जापान आदि देशमा जाने क्रम भने रहिरहेको छ । यसका साथै वैदेशिक रोजगारमा संलग्न ५२ घर परिवार मध्ये २० घरपरिवारका सदस्यहरू अहिले वैदेशिक रोजगारबाट फर्किएको अवस्था छ । त्यस मध्ये ८ जना त्यही लघु जलविद्युत परियोजना, रोजगारीमा संलग्न छन् । यसले के प्रष्ट पार्दछ भने स्थानीय स्तरमा रोजगारी वा जीविकोपार्जनको श्रोत र साधन हुने हो भने मानिसहरू वैदेशिक रोजगारमा नजाने रहेछन् । त्यसैले आर्थिक पक्ष नै वैदेशिक रोजगारको कारक तत्व रहेको देखिन्छ ।

## ५.२ वैदेशिक रोजगारको प्रक्रिया

हरेक समाजमा मानवीय अर्थतन्त्र, संस्कार र यसबाट निर्मित संस्कृतिको एउटा अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । समाजको पूर्णतः सुदृढीकरणको लागि त्यहाँको संस्कृति अप्रत्यक्ष चल हो भने सरकारी नीति नियम र मानवीय क्रियाकलाप प्रत्यक्ष चलहरू हुन । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाकाबारेमा कुरा गर्दा कुनै पनि व्यक्ति एकै चोटि वैदेशिक रोजगारमा संलग्न हुन सक्दैन । यसका लागि पनि विभिन्न किसिमका संजाल रहेको हुन्छ । त्यसमा पनि आफ्नो समाजका वा वरिपरिका व्यक्तिहरू कसरी वा कुन प्रक्रियाबाट

वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् । त्यस कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियामा प्रभाव पारेको देख्न सकिन्छ (के.सी., २०५६) ।

वास्तवमा भन्नुपर्दा स्पष्ट वैदेशिक रोजगारीका लागि पासपोर्ट प्रथमतः नभइ नहुने कुरा हो । प्रत्येक नेपाली नागरिकले वैदेशिक रोजगारमा प्रथमत उसले सुरू गर्ने काम भनेको पासपोर्ट बनाउने वा निष्काशन गर्नु हो । यस पछि सम्बन्धित व्यक्ति वा पासपोर्ट कुनै वैदेशिक रोजगार एजेन्सीको निकटस्थ व्यक्ति वा एजेन्सीमा पुग्दछ । यसरी एजेन्सीमा त्यस सम्बन्धी वा भिसा प्रक्रियामा अगाडि बढाइन्छ । यदि यस अवस्थामा सम्बन्धित व्यक्तिले राम्रो निर्देशन नपाइने हो भने उसको सफलताको कमै आशा गर्न सकिन्छ । व्यक्ति वैदेशिक रोजगारी दिलाउने एजेन्सीमा आएर फर्म भर्नु पर्दछ जुन कामका लागि फर्म भरिएको हो त्यही कामको निश्चितताको लागि अन्तर्वार्ता हुने हुनाले दुवै पक्ष (रोजगारदाता, श्रमिक) बीच सबै कुराहरू आदानप्रदान भई व्यक्ति छनौट हुन्छ । छनौट भइसकेपछि सबै सर्तहरूका बारेमा श्रमिकलाई रोजगारदाताले स्पष्ट पार्नु पर्ने हुन्छ र उसको काम अनुसार भिसा प्रक्रिया अगाडि बढाइन्छ ।

यसरी वैदेशिक रोजगारी एजेन्सीले जुन देशमा आफ्ना श्रमिक पठाउने हो त्यहाँको कम्पनीबाट आएको मागको आधारमा माथि उल्लेखित प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउनु पर्ने हुन्छ । वास्तवमा श्रमिकहरू नेपालबाट गन्तव्य देश जानु अगाडि दुवै पक्ष ( रोजगारदाता, श्रमिक) को सहमतिपत्र (Agreement Paper) मा सहमत भएर हस्ताक्षर वा मन्जुरी  गरिन्छ । यतिबेला नै सम्बन्धित कामदारलाई सबै पक्षको अर्थात स्थान, काम, तलब सुविधा, सुरक्षा आदि बारेमा संस्थाले स्पष्ट पार्नु पर्ने हुन्छ । कानुनतः यसरी विदेश पठाउने संस्थाले पूर्व स्वीकृति र अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिसा निष्काशन र प्रस्थान गराउने गर्दछ (दाहाल, २०६६) ।


माथि उल्लेखित वैदेशिक रोजगारीको प्रक्रिया के कति रूपमा पूरा गरी वा यसको बारेमा ज्ञान भएर वा नभएर के कस्तो प्रक्रियाबाट अध्ययन क्षेत्रका सहभागिहरू वैदेशिक रोजगारमा संलग्न भए भन्ने कुरालाई उनीहरूसँग गरिएको छलफलको आधारमा उल्लेख गरिएको छ ।

यस अन्तर्गत धेरैजसो सहभागिहरू स्थानीय चिनजानको व्यक्ति जो स्थानीय स्तरको मेनपावर कम्पनिमा आबद्ध भएको हुन्छ । उसैसँग सम्बन्धित भएर सर्वप्रथम मेनपावरको शाखा कार्यालयमा सम्पर्क गर्ने गरेको पाइयो । त्यसपछि मेनपावरको मुख्य कायालयमा सम्पर्क गरी आफ्नो पासपोर्ट सोही स्थानीय एजेन्टलाई दिएर आफू केवल मेडिकल जाँचका लागि मात्र काठमाडौं जाने गरेको पाइयो । यसरी आफ्नो पासपोर्ट एजेन्टलाई जिम्मा लगाएर भिसा आउने आशामा कम्तिमा २ देखि ६ महिना कुरेर बसी एकै चोटि अन्तिम पल्ट वैदेशिक रोजगारमा जानका लागि पैसाको जोखो गरेर काठमाडौं जाने गरेको पाइयो । तर केही सहभागिहरू प्रत्यक्ष रूपमा राष्ट्रिय पत्रिकाहरूमा दिइएको विवरण अनुसार सम्बन्धित मेनपावरको केन्द्रीय कार्यालयमा सम्पर्क राखेर वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।


यसरी माथि उल्लेखित दुईवटा प्रकृतिका सहभागिहरूमध्ये पहिलो प्रकृति जो धेरै लामो संजालबाट वैदेशिक रोजगारमा संलग्न भएका हुन् । उनीहरूको लागत पनि बढी लागेको कुरा बताए । त्यस्तै गरी उनीहरूले भने जति तलब सुविधा पनि नपाएको गुनासो गरे । त्यसै गरी दोस्रो प्रकृतिका सहभागिहरूले आफूहरूले राम्ररी बुझेर मात्र वैदेशिक रोजगारमा संलग्न भएकाले लागत खर्च पनि त्यति धेरै नलागेको र आफूले भनेको वा दुवैपक्ष (रोजगारदाता, श्रमिक) बीच भएको सहमति अनुसारको सेवा सुविधा पाएको कुरा बताए ।

माथिका २ वटा प्रकृतिका सहभागिहरू वैदेशिक रोजगारीमा संलग्न भएको प्रक्रियालाई तल चित्रमा देखाउने प्रयास गरिएको छ :

**पहिलो प्रकृतिका सहभागी**




**दोस्रो प्रकृतिका सहभागी**




स्रोत : स्थलगत सर्वेक्षण , २०६९

## ५.३ वैदेशिक रोजगारमा संलगनहरूको सामाजिक अवस्था

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नो भूमिका रहने गर्दछ । जसलाई व्यक्तिको उमेर, लिङ्ग, जात, शिक्षा आदि जस्ता पक्षहरूले निर्धारण गरेका हुन्छन् । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरूको सामाजिक अवस्थाहरूको बारेमा जानकारी दिन विभिन्न उपशीर्षकहरूमा तालिका बनाई विश्लेषण गरिएको छ :

### ५.३.१ उमेर

उमेरलाई विभिन्न समूहमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । व्यक्तिले उसका जीवनकालमा विभिन्न उमेर समूहहरू पार गर्दै अगाडि बढिरहेको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेरले विशेषतः युवा उमेर वा सक्रिय जनशक्ति वा उत्पादनशील जनशक्तिको उमेरलाई बुझाउँछ । यसै सन्दर्भमा तालिका नं. ९ मा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेरगत विवरणलाई प्रस्तुत गरिएको छ :

**तालिका नं. ९**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको उमेरगत विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २५ वर्ष र सो भन्दा तल | २४ | ४६.१५ |
| २६ देखि ३५ वर्ष सम्म | १८ | ३४.६१ |
| ३६ वर्ष वा सो भन्दा माथि | १० | १९.२३ |
| जम्मा | ५२ | १००.०० |

तालिका ९ मा हेर्दा २५ वर्ष र सो भन्दा तल उमेर समूह देखि ३५ उमेर समूहका व्यक्तिहरू नै बढी वैदेशिक रोजगारमा संलग्न भएको देखियो जुन देश वा समाजका सक्रिय, उत्पादनशील जनशक्तिका रूपले चिनिन्छन् । यसरी आर्थिक रूपले सक्रिय युवा जनशक्तिले बेरोजगारका कारणले विदेशमा आफ्नो उमेर, सीप, लगानी गरिरहेका पाइयो । यसका साथै ३६ वर्ष वा सो भन्दा माथि भनि वर्गीकरण गरिएका व्यक्तिहरू पनि सबै ४५ वर्ष भन्दा कम उमेरका रहेको पाइयो । यसरी यो उत्पादनशील व्यक्तिहरूको वैदेशिक रोजगारमा संलग्नता भएपछि यस वडाको कृषि पेशा बढी प्रभावित भएको देखियो । जहाँ कोही (लगभग ३ विगाहा) खेतबारीहरू बाँझो रहेको पाइयो । यस किसिमको खेतबारीहरू बाँझो हुने मूलतः अलिक बढी ( २० कट्ठा भन्दा माथि) जमिन हुने परिवारहरू र एकात्मक पारिवारिक संरचाना भएका परिवारहरू देखिए । जसले गर्दा वैदेशिक रोजगारमा संलग्न परिवारहरूले आफ्नो जीविका

चलाउन बजारसँग परनिर्भर भएको अर्थात बजारबाट खानाका लागि रासनहरू किनेर ल्याउने कुरा बताए । यसैगरी अध्ययन क्षेत्रका घरहरूमा केटाकेटी, महिला र वृद्धवृद्धाहरूको संख्या बढी मात्रामा रहेको देखियो । यसका साथै अध्ययन क्षेत्रमा जन्ती, मलामी तथा अन्य सामाजिक क्रियाकलापहरूमा युवाहरूको सहभागिता ज्यादै न्यून रहेको कुरा एक जना वृद्ध उत्तरदाताले बताए । यसैगरी महिलाको भूमिका वृद्धि भएको कुरा देखियो । अर्थात उनीहरू घरभित्र र घर बाहिरको काममा संलग्न हुनुपर्ने हुँदा कार्यभार बढ्न गएको कुरा सहभागी महिलाहरूले बताएका थिए ।

### ५.३.२ शिक्षा

शिक्षा मानव समाज निर्माणको आधारभूत तत्व हो । देश तथा समाज निर्माणको सन्दर्भमा शैक्षिक जनशक्तिको महत्वपूर्ण भूमिका रहन्छ । यति हुँदाहुँदै पनि देशमा आफ्नो योग्यता अनुसारको रोजगारी नपाउँदा शैक्षिक जनशक्ति वैदेशिक रोजगार तर्फ आकर्षित हुँदा यसले देश तथा समाजको विकास र निर्माणमा प्रभाव पर्न जाने देखिन्छ । यसै सन्दर्भमा तालिका नं. १० मा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको विवरणलाई प्रस्तुत गरिएको छ :

**तालिका नं. १०**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको शिक्षा सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एस.एल.सी.भन्दा मुनि | १२ | ३२.०७ |
| एस.एल.सी वा सो सरह | २५ | ४८.०७ |
| आइ.ए.वा सो सरह | १५ | २८.८४ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. १० लाई अध्ययन गर्दा तुलनात्मक रूपमा एस.एल.सी. वा सो भन्दा माथि शैक्षिक योग्यता भएका जनशक्ति नै बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न हुने गरेको देखिन्छ । यद्यपि वैदेशिक रोजगारमा संलग्न हुँदा आफ्नो शैक्षिक स्तर अनुसारको रोजगारी

प्राप्त नभएपनि बेरोजगार रहनुभन्दा रोजगारीका लागि वैदेशिक रोजगार तर्फ शैक्षिक जनशक्ति आकर्षित भएको देखियो । जसले गर्दा अध्ययन क्षेत्रमा पढेका व्यक्तिहरू पनि धेरै कम र भए पनि सहरतिर रोजगारमा नै रहेकाले स्थानीय स्तरमा संचालित निजी स्कुलहरूमा पनि बाहिरी क्षेत्रबाट शिक्षकहरू आई अध्यापन गराइरहेको देखियो । यसका साथै अध्ययन क्षेत्रमा विकास सम्बन्धी कार्यक्रमहरू संचालन गर्नकालाीग आवाज उठाउने शिक्षित व्यक्तिको अभावले कायक्रम संचालन गर्न वा ल्याउन नै गाह्रो परिरहेको कुरा सम्बन्धित क्षेत्रका एक जना वृद्धले बताए ।

### ५.३.३ लिङ्ग

सामान्य अर्थमा महिला र पुरुष बीच रहेको सामाजिक, सांस्कृतिक विभिन्नतालाई हामी लिङ्ग भन्दछौ । जहाँ उनीहरूलाई समाजले विभिन्न भूमिकाहरू निर्धारण गरिदिएको हुन्छ । हाम्रो समाजमा पुरुष प्रधानता रहेकाले नारी पुरुषको समानताका लागि विभिन्न किसिमका क्रियाकलाप संचालन भएपनि व्यवहारिक रूपमा यसको प्रभाव न्यून नै देखिन्छ । जसले गर्दा हाम्रो समाजमा वैदेशिक रोजगारको सन्दर्भमा महिलाको सहभागितालाई राम्रो दृष्टिकोणले नहेरिने हुँदा पुरुषको संलग्नता बढी रहेको देखिन्छ । यसै सन्दर्भमा तालिका नं. ११ मा वैदेशिक रोजगारमा संलग्न लिङ्गगत विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**

**वैदेशिक रोजगारमा संलग्नको लिङ्गगत विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५१ | ९८.०७ |
| महिला | १ | १.९२ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. ११ अनुसार वैदेशिक रोजगारमा संलग्न कूल जनसंख्या मध्ये ९८.०७ प्रतिशत पुरुषको संलग्नता रहेको पाइयो भने बाँकी १.९२ प्रतिशत महिला पाइयो । यसबाट के

बुझ्न सकिन्छ भने वैदेशिक रोजगारमा अध्ययन क्षेत्रमा बढी मात्रामा पुरुषहरूनै संलग्न रहेको देखिन्छ । यसो हुनुमा विशेष त्यस समाजको मूल्य मान्यता  र परम्पराले महिला र पुरुषलाई फरक दृष्टिकोणले हेर्ने गरिएकाले यस्तो संलग्नता रहेको कुरा त्यहाँका महिलाले बताए । त्यसै गरी १ जना महिलाको संलग्नताले सामाजिक मूल्य मान्यताहरूमा क्रमिक रूपले परिवर्तनको सुरूवात भएको उत्तरदाता महिलाले बताउँदै आगामी दिनहरूमा यसले अन्य महिलालाई पनि वैदेशिक रोजगारमा सहभागी हुने बाटो खुला गरेको बताइन । जसलाई उनले महिलालाई घरको चार किल्लामा मात्र राख्ने सामाजिक मूल्य मान्यतालाई क्रमिक रूपमा परिवर्तन गर्ने कुरा बताइन । यसै सन्दर्भमा सहभागी महिलाको वैयक्तिक अध्ययनलाई तल प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएकी वि.क. थर भएकी वर्ष २९ की महिला वि.स. २०६१ मा वैदेशिक रोजगारका लागि साउदी तर्फ प्रस्थान गरेको कुरा बताउँछिन् । पहिलो प्रेम विवाह असफल भई दोस्रो प्रेम विवाह गरेकी उनी सौताको रूपमा भित्रिएकाले आफू र आफ्नो दोस्रो श्रीमानलाई श्रीमानका घर परिवारले निकालिदिए पछि उनी आफ्नो एक सन्तानलाई माइतीको जिम्मा लगाएर जीवनमा केही गर्ने उद्देश्यले स्थानीय एजेन्ट मार्फत रू ४०,००० तिरी भारतको दिल्लीबाट साउदी पुगेको बताइन ।

साउदीको रियाद सहरमा घरेलु कामदार (खाना पकाउने, भाँडा माझ्ने घरसफागर्ने कपडा धुने, बालबच्चाको हेरचाह गर्ने) को रूपमा काम गर्न थालेको कुरा बताइन । सुरूका ३-४ महिना भाषाका कारणले गर्दा काममा समस्या आएको कुरा बताइन् । यसका साथै विदेश जानु अगाडि विदेशमा महिलाहरूलाई विभिन्न किसिमका शोषण (शारीरिक, मानसिक श्रम) हुने कुरा सुने पनि आफूलाई त्यस किसिमको कुनै पनि शोषण नभएको कुरा बताइन् । सुरूका तीन वर्षमा उनले मासिक ६०० रियाल (ने. रू. १२,०००) का दरले पारिश्रमिक पाएको र ३ वर्ष पछि नेपाल फर्केर उक्त पैसाले ९ कट्ठा जमिन किनेर पुन सोही ठाउँमा फर्किएको कुरा बताइन् । त्यसपछिका दिनहरू उनको पारिश्रमिकमा वृद्धि भएर ८०० रियाल (ने. रू. १६,०००) पुगेको कुरा बताइन् । यसका साथै त्यसपछिको ३ वर्षको आम्दानीले नेपाल फर्किएर घर बनाई सानो व्यवसाय (कराना पसल) आफ्नै घरमा संचालन गरी आत्मनिर्भर भएको कुरा बताइन् ।

यसरी हिजोको दिनमा दोस्रो घरपरिवार र समाजबाट अपहेलित भएर वैदेशिक रोजगारमा संलग्न उनीलाई अहिले समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको अर्थात सामाजिक सम्बन्धहरू लगायत सामाजिक कार्यमा उनको सहभागिता बढेको कुरा बताइन् । हिजोका दिनमा प्रत्यक्ष रूपमा उनलाई समाजमा भेदभाव र कुदृष्टिले हेर्ने धेरै व्यक्ति अहिले आएर आफूसँग नजिक भएको वा आफ्नो बारेमा सकारात्मक कुरा गरेको र आफूलाई सहयोग गरेको कुरा बताइन् ।

यसरी सुरूका ३ वर्षमा विदेश बसेर आउँदा समाजका दिदी बहिनीहरूले पनि नराम्रा कुरा गरेको अवस्थामा अहिले म (आफू) स्वयं आफ्नो खुट्टामा उभिन सफल भएकोदेखि वैदेशिक रोजगारप्रति उनीहरू (अन्य महिला) पनि सकारात्मक भएको कुरा व्यक्त गर्दै आफू विभिन्न किसिमका महिला समूहहरूमा पनि सहभागी बनेको कुरा बताइन् ।

यसरी सहभागी महिलाको वैयक्तिक अध्ययनबाट तथा सम्बन्धित क्षेत्रमा गरिएको अवलोकनले पनि वैदेशिक रोजगारमा जानु अगाडि र अहिले वैदेशिक रोजगारबाट फर्केर आइसकेपछि हेर्ने दृष्टिकोण फरक देखिन्छ । जसबाट बिस्तारै समाजमा पनि वैदेशिक रोजगारमा संलग्न हुने महिलालाई हेर्ने दृष्टिकोणमा क्रमिक रूपमा सकारात्मक सुधार देखियो ।

## ५.४ आर्थिक विवरण

रोजगार र अर्थतन्त्रको सोझो सम्बन्ध रहेको हुन्छ । सहभागिहरूमाथि वैदेशिक रोजगारको प्रभाव बारे थाहा पाउन उनीहरूको अर्थतन्त्रमा वैदेशिक रोजगारको कारण आएका परिवर्तनहरूलाई खोज र विश्लेषण गर्नु आवश्यक हुन्छ । यसै सन्दर्भमा सहभागिहरूको आर्थिक विवरणलाई यस अन्तर्गत प्रस्तुत एवम् विश्लेषण गरिएको छ ।

### ५.४.१ पूर्व पेशा

पेशा भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापन गर्नका लागि अपनाएको एक कार्य हो । जुन व्यक्ति स्वयं र उसको पारिवारिक जिवीकासँग सम्बन्धित हुन्छ । पेशाको प्रत्यक्ष सम्बन्ध अर्थसँग हुने भएकाले यो वैदेशिक रोजगारसँग जोडिएको छ । यसै सन्दर्भमा तालिका

१२ मा वैदेशिक रोजगारमा संलग्न व्यक्तिको संलग्न हुनुभन्दा अगाडिको पेशालाई प्रस्तुत गरिएको छ :

**तालिका नं. १२**

**वैदेशिक रोजगारमा संलग्न हुनु अगाडिको पेशा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १३ | २५.०० |
| नोकरी | ९ | १७.३० |
| अध्ययन | ८ | १५.३८ |
| मजदुरी | ४ | ७.६९ |
| बेरोजगार | १८ | ३४.६१ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं.१२ अनुसार वैदेशिक रोजगारमा संलग्न ५२ जना मध्ये धेरै व्यक्तिहरू बेरोजगारका कारण वैदेशिक रोजगारमा संलग्न रहेको देखियो यसका साथै शैक्षिक बेरोजगार र कृषिमा लागेकाहरूले पनि अर्धबेरोजगारको अवस्थामा रहनु पर्ने भएकाले वैदेशिक रोजगारमा संलग्न रहेको कुरा बताए । यसका साथै नोकरी र मजदुरीमा संलग्नहरूले पनि आफ्नो पारिश्रमिकले आफ्नो परिवारका आधारभूत आवश्यकता पूरा गर्न नसकिने अवस्था सिर्जना भएपछि वैदेशिक रोजगारमा संलग्न भएको कुरा बताए ।

यसरी समग्रमा वैदेशिक रोजगारीमा संलग्न हुने सबै व्यक्तिहरू र आफू र आफ्नो परिवारको जीवनस्तरलाई केही हदसम्म माथि उठाउनले आशाले वैदेशिक रोजगारमा संलग्न भएको कुरा बुझियो ।

### ५.४.२ हालको पेशा

यस अन्तर्गत वैदेशिक रोजगारबाट फर्केर आइ सकेपछिका दिनहरूमा उनीहरूले के कस्ता पेशा अँगालेका छन् भनि तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**

**वैदेशिक रोजगारबाट फर्केपछिको पेशा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३ | १५ |
| नोकरी | ८ | ४० |
| व्यापार | ४ | २० |
| बेरोजगार | ५ | २५ |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. १३ लाई हेर्दा वैदेशिक रोजगारबाट फर्केर आइसकेपछि धेरै सहभागिहरू हाल रोजगारमा रहेको देखियो । यसरी सहभागिहरूसँगको कुराकानीबाट के बुझिन्छ भने फर्केर आएका जम्मा २० जना मध्ये अधिकांश स्थानीय स्तरमा सिर्जना भएको रोजगारी व्यापार व्यवसायले गर्दा त्यहाँ नै संलग्न भएको कुरा बताए भने केही व्यक्तिहरूले आफूले कमाएको पैसाले व्यापार सञ्चालन गरेको कुरा बताए । यसरी आफूहरू वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा पहिले यस किसिमको रोजगारी स्थानीय स्तरमा नै पाएको भए आफूहरू वैदेशिक रोजगारीका लागि अन्य मुलुकमा नजाने कुरा सहभागिहरूले बताए । यसरी अहिले आफूहरू वैदेशिक रोजगारबाट फर्केर आइसकेपछि आफ्नो घरपरिवारको हेरचाह गर्दै स्थानीय स्तरमा रोजगार पाएकोमा उनीहरू खुसी देखिन्थे । किनकी अन्य मुलुकमा उनीहरूले मासिक लगभग रू.१२ हजारदेखि १५ हजार कमाउने गरेको कुरा बताए । यसरी व्यापारमा संलग्न व्यक्तिहरूसँगको कुराकानीमा उनीहरूले वैदेशिक रोजगारमा सधैं संलग्न नभएर नपुग्ने र आफ्नै देशमा वैदेशिक रोजगारबाट कमाएको रकम लगानीबाट व्यापार गरी स्वाबलम्बी

तरिकाले आफ्नो बुढेसकालसम्म आफ्नै परिवारसँग बस्ने आशाले यस किसिमको पेशा अँगालेको कुरा बताए ।

यसै गरी बेरोजगार बसीरहेको भन्ने सहभागिहरूसँग कुराकानी गर्दा केहिले (२ जना) राम्रो ठाउँमा (कोरिया, जापान) जाने आशाले आफूहरू अहिले बेरोजगार जस्तै बसेको बताए भने अन्य सहभागिहरू पनि भर्खर मात्र नेपाल फर्किएकाले के काम गर्ने भन्ने बारे अझै सोच नभएकाले अहिले आफूहरू बेरोजगार रहेको कुरा बताए ।

यसरी वैदेशिक रोजगारमा जानुभन्दा पहिले फर्केर आइसकेपछि उनीहरूको पेशामा तुलनात्मक रूपमा फरक देखिन्छ । अर्थात हिजोका दिनहरूमा कृषिमा आवद्ध बहुसंख्यक जनशक्ति अहिले आएर नोकरी (निजी कम्पनी तथा संस्थान) तथा व्यापार  व्यवसायमा संलग्न भएको देखियो । जसमा हामी सामाजिक तथा आर्थिक रूपान्तरणका रूपमा पाएका छौ ।

## ५.५ आम्दानी तथा खर्च

सहभागिहरूको आर्थिक विवरण  विश्लेषण गर्ने क्रममा उनीहरूले आम्दानी तथा खर्च विवरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । बेरोजगारहरूको आम्दानी नहुने तथा हुनेहरूको पनि खर्च नपुग्ने, बचत नहुने जस्ता समस्याहरूले आर्थिक अवस्थामा सुधार ल्याउन कठिनाई परिरहेको छ । सहभागिहरूको वैदेशिक रोजगारमा संलग्न हुनु पूर्वको आम्दानी खर्च विवरण र वैदेशिक रोजगारले आम्दानीमा पारेको प्रभावको बारेमा अध्ययन गरेर सहभागिहरूको आर्थिक विवरण बारे तालिका नं १३ र १४ मा उल्लेख गरिएको छ ।

### तालिका नं. १४

### वैदेशिक रोजगारमा जानु अघि वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको आर्थिक विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कमाइ नै थिएन | १७ | ३२.६९ |
| कमाइले खर्च पुग्दैनथ्यो | १५ | २८.८४ |
| आम्दानी तथा खर्च ठीकै हुन्थ्यो | १३ | २५.०० |
| केही बचत हुन्थ्यो | ७ | १३.४६ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं. १४ अनुसार कमाइ नभएका र कमाइले खर्च नपुग्ने कामदारहरू नै वैदेशिक रोजगारमा बढी संलग्न हुने अवस्था देखियो । त्यसैले आम्दानी नभएका, खर्च नपुग्ने, बचत नहुने आदि जनशक्तिले आफ्नो आम्दानीमा केही वृद्धि हुने आशाले वैदेशिक रोजगारतर्फ आकर्षण बढाएको देखाइयो भने हाल उनीहरूको पारिवारिक जीवनमा केही सुधार आएको कुरा परिवारका सदस्यले बताए । यसैगरी तालिका नं. १५ मा वैदेशिक रोजगारीले आम्दानीमा पारेको प्रभावलाई प्रस्तुत गरिएको छ :

### तालिका नं. १५

### वैदेशिक रोजगारीले आम्दानीमा पारेको प्रभाव

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आम्दानी बढ्यो | ४५ | ८६.५६ |
| उस्तै रहयो | ७ | १३.४३ |
| जम्मा | ५२ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६९

तालिका नं १५ अनुसार वैदेशिक रोजगारमा संलगन भए पश्चात बहुसंख्यक कामदारहरूको आम्दानी बढेको पाइयो जुन उनीहरूको आर्थिक अवस्थाहरूसँग जोडिएको छ ।

यसरी आम्दानी बढ्नुमा सहभागिको सीप, संलग्न भएको देश कम्पनी महत्वपूर्ण कारक तत्व रहेको पाइयो । यसका साथै सहभागी स्वयंमले पनि बचतको अवधारणालाई मन गरेको कुरा बताए भने आम्दानी उस्तै रहने उत्तरदाता दलालको झुटो आश्वासनले गर्दा सम्बन्धित देश तथा कम्पनी त्यति राम्रो नभएकाले आफ्नो लगानी मात्र उठाएर फर्किएको कुरा बताए । यसै सन्दर्भमा सहभागी मध्ये आम्दानी उस्तै रह्यो भन्ने एक सहभागिको वैयक्तिक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

वर्ष २३, सामान्य आर्यन वर्णका कृषक परिवारमा जन्मेका दुईपटक प्रवेश परीक्षा दिँदा अनुत्तीर्ण भएपछि सामाजिक कारणबाट उनको विदेश जाने चाहना बढेको कुरा बताउँछन् । सब साथी भाइ र अन्य समकक्षीहरूको प्रगति देख्दा आफूले पनि उनीहरू बराबर पैसा कमाउने र जिन्दगीको एउटा बाटो तय गर्ने सपना उनीमा रहेछ । गाउँको घर व्यावहार गरिरहेको गाउँकै विश्वासीलो मान्छेले सहयोगिको भूमिका निर्वाह गरिदिएकाले आफूलाई विदेश जानु कुनै अप्ठ्यारो लागेन । करिब जानको लागि प्रक्रिया सुरू भएको तीन महिनामा उनी साउदी अरबको जेद्धा पुगेका रहेछन् । उनले नेपालबाट जाँदा १,००,०००/- तिरेका थिए भने जाने बेलामा पैसा बुझाउँदा बिल भर्पाइ आदि केही उनले लिएनन् । आफ्नो विमा र कानुनी प्रक्रिया उनलाई केही थाहा भएन । करिब २० दिन जति काठमाडौँमा भने मानसिक तनाबमा उनी बस्नु परेको व्यथा सुनाउँछन् । सबैले शंका उब्जाउँछन् आफूलाई केही थाहा नभएको र विश्वासमा धोका भयो भने उनको करिब एकमुष्ठ काढेको करिब ७५,०००/- ऋणले आफू र परिवार सबैको विचल्ली हुने निश्चित थियो । वल्लतल्ल २० दिनमा NOC Confirmation Paper आएर उनी साउदी अरबको जेद्धा भन्दा करिब १० कि.मी. भित्र एउटा गोदाममा काम गर्ने कामदारको रूपमा त्यहाँ पुगेका रहेछन् । चिनीको कम्पनी गोदाम भएकाले असाध्यै दुःखको काम रहेछ । लोड, अनलोड र ठेक्काको काम गर्नुपर्दो रहेछ । करिब घण्टाको ३० क्विन्टलसम्म अनलोड गरेको हुनपर्ने नत्र दण्ड पाउने व्यवस्था रहेछ । नेपाली ४० जना गएका मध्ये छानेर ८ जना पठाएको रहेछ । कामदार साथीहरूमा पाकिस्तानी र भारतीहरू भएको कुरा बताउँछन् । त्यहाँ

समान काम गर्ने अरू कामदारको १०००-१२०० रियाल सम्म तलब थियो भने नेपालीहरूको ६५० रियाल मात्र भएको कुरा बताउँछन् । आठ घण्टा दैनिक कार्य अवधि र मासिक ८०० रियाल भनेर सम्झौता भएपनि १२ देखि १५ घण्टा काम गर्नु पऱ्यो । ओभरटाइमको पैसा थिएन, खान र बस्न अरू समान थियो । एकदिन काम गर्न नसके दुई दिनको तलब काट्थ्यो । बिदाको महिनामा मात्र दुई दिन थियो त्यसमा पनि मालिकको स्वीकृति लिनुपर्ने बाहिर जाँदा भनेको ठाउँभन्दा बाहिर निषेध थियो । तलब मासिक पाइन्थ्यो तर कर तिर्दा र गर्मिमा चिसो खाँदा करिब ५०० रियाल मात्र बच्ने गरेको कुरा बताउँछन् । मलाई ऋण तिर्न करिब डेड वर्ष लाग्यो र त्यसपछि कहिले नेपाल फर्कुला जस्तो मात्र भइरह्यो । करिब दुई वर्षमा उनी नेपाल फर्किएका रहेछन् । आउने बेलामा कम्पनी बन्द भएकाले लेवर कोर्ट जानु पऱ्यो । कानुनमा भारतीय कामदार जानकार भएकाले 'कोर्ट' मा हामीले तलब पायौ र नेपालमा जस्ताको तस्तै फर्कियौ । पैसा कमाइयो सबै साहुलाई तिर्दा ठिक्कै भयो । जे होस् घरबारी नडुबेकोमा सन्तोष छ । पुनः विदेश जाने कुनै धोको नभएको कुरा बताउँछन् ।

यसरी उनको भोगाइबाट के बुझिन्छ भने नेपालमा हुँदा गर्नु पर्ने, जान्नु पर्ने, सोध्नु पर्ने कुरा धेरै छन् । नेपालीहरू असाध्यै असुरक्षित तरिकाले विदेश पुग्ने गर्दछन् । विदेश पुगेर मात्र आफू ठगिएको थाहा पाउँछन् । जसले गर्दा थुप्रै नेपालीहरूले विदेशमा दुः ख पाउने रहेछन् ।

यसरी वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि राम्रोसँग त्यस सम्बन्धी कुरा बुझ्न आवश्यक छ ।

यसरी वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडि राम्रोसँग त्यस सम्बन्धी कुरा बुभ्न आवश्यक हो ।

## ५.६ आर्जित पैसाको उपयोग

अनुसन्धानका क्रम उत्तरदालाहरूले वैदेशिक रोजगाबाट आर्जन गरेको रकमलाई विभिन्न क्षेत्रमा उपभोग गरेको बताए जसलाई तालिका १६ मा देखाइएको छ ।

## तालिका १६

## वैदेशिक रोजगारबाट आर्जित पैसाको उपयोग

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ऋण तिरे | १५ | २८.८४ |
| ऋण तिरे+ अन्य | १७ | ३२.६९ |
| घर बनाए | १३ | २५ |
| जग्गा किने | ७ | १३.४६ |
| जम्मा | ५२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका १६ लाई अध्ययन गर्दा धेरै सहभागिहरूको वैदेशिक रोजगारबाट आर्जित पैसाको सदुपयोग भएको अर्थात सहभागिहरूको आर्थिक अवस्थामा सकारात्मक सहयोग पुऱ्याएको देखिन्छ । आफ्नो आवश्यकताको प्राथमिकता अनुसार घर बनाउने, जग्गा किन्ने, पारिवारिक ऋण तिर्नु आदि कार्यबाट केही हदसम्म पनि आर्थिक अवस्था सुधारिएको छ भने केही सहभागिहरूले ऋण तिर्नुका साथै अन्य व्यवहार जस्तैः शिक्षा, विवाह, व्यापार, मनोरञ्जनका साधन, बैंक, आदि क्षेत्रमा लगानी गरेको बताए । यसले वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको आर्थिक अवस्थामा सुधारात्मक प्रभाव पारेको देखिन्छ । जसलाई तालिका १७ मा प्रस्तुत गरिएको छ ।

## तलिका नं. १७

## वैदेशिक रोजगारले सहभीग्हरूको आर्थिक स्थितिमा पारेको असर

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक स्थितिमा सुधार आएको छ | ३३ | ६६.६४ |
| आर्थिक स्थिति उस्तै छ | १९ | ३६.४६ |
| जम्मा | ५२ | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०६९

तलिका १७ को अध्ययन गर्दा आर्थिक स्थितिमा सुधार आएको सहभागिको संख्या नै बढी देखियो भने केही (१९ जना) ले आफ्नो कमाई त्यति राम्रो नभएकोले आफ्नो परिवारको जिवीका मात्र चलाउन सफल भएको कुरा बताए । जसले गर्दा उनीहरूको आर्थिक स्थितिमा खासै सुधार नदेखिएको पाइयो भने बहुसंख्यक सहभागिहरूले आफ्नो आर्जित कमाईलाई व्यापार, घरजग्गा, शिक्षा मनोरञ्जनका साधन, बैंक आदि क्षेत्रमा लगानी गरेकाले आर्थिक रूपले आफ्नो परिवार बलियो भएको बताए । जुन कुरालाई पुष्टि गर्नका लागि सहभागी मध्ये एकजनाका घटनालाई वैयक्तिक अध्ययन रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएका वर्ष ४५ का दलित परिवारका सहभागिले आफू र आफ्नो परिवारको जिविका चलाउनका लागि अर्काको जमिन कमाउने र खाली समयमा मजदुरी गर्दै दिनहरू बिताएको कुरा सम्झन्छन् । त्यसपछि गाउँका साथीहरूको लहलहैमा लागेर छिमेकी मुलुक भारततर्फलागि शुरूका दिनहरूमा चौकीदारको काम गरेपनि पछि त्यहीको एकजना नेपाली ड्राइभरसँग चिनाजानी गरी गाडीमा सहयोगिको काम गरेको कुरा बताउँछन् । यसै बीचमा भर्खर गाडीको काम सिक्दै गर्दा घरबाट बुवा बिरामीको खबरले नेपाल फर्किएको कुरा सम्झन्छन् । त्यसै समयमा अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा केही व्यक्तिहरू गएकाले आफूपनि त्यस ठाउँमा जानका लागि आफ्नो परिवारसँग भएको ८ नाली खेत बेचेर साउदी अरब पुगेको कुरा बताउँछन् । त्यहाँ पुगिसकेपछि शुरूका दिनमा एउटा फार्म हाउसमा काम गरेका र पछि आफूसँग भएको सीपले गर्दा फार्म हाउस मालिकको गाडी चलाएको कुरा बताउँछन् । यसरी करिब १ वर्ष जति मालिकको गाडी चलाई सकेपछि उनले फार्महाउसको सामान बोक्ने ठूलो ट्रक चलाएको कुरा बताए र जतिबेला उनीले मालिक करिब ३० हजार नेपाली कमाउने गरेको कुरा बताउँछन् । यसरी ३ वर्ष पछि नेपाल फर्किएर विदेशमा कमाएको पैसाले जग्गा किनेर पुनः विदेश फर्किएको कुरा बताउँछन् र करिब थप ४ वर्ष काम गरी नेपाल फर्किएर घर निर्माण गरेका, अरू थप जग्गा किनेको कुरा बताउँछन् ।

अहिले आएर उनले अध्ययन क्षेत्रबाट तराई बसाई सरेका छन् । २ तल्ले पक्की घर बनाएका छन । त्यसैगरी आफूले सिकेको सीपलाई प्रयोगमा ल्याएन ट्र्याक्टर किनेर संचालन गरिरहेका छन् । यसरी उनले सुरूमा अरूको जमिन कमाउने आफू वैदेशिक रोजगारमा संलग्न

भएपछि आफ्ना २ वटा भाइहरूकालाई पनि वैदेशिक रोजगारमा संलग्न गराउन सफल भएको कुरा बताउँछन् । यसका साथै हिजोका दिनमा आफूलाई दलित भनेर हेप्ने व्यक्तिहरूले पनि अहिले आफू र आफ्नो परिवारलाई त्यस्तो दृष्टिकोणले नहेरेको कुरा बताउँछन् । यसरी उनले आफू र आफ्नो परिवारको जीवनस्तर माथि उठाउन वैदेशिक रोजगारलाई नै महत्वपूर्ण कारक तत्वको रूपमा लिएको कुरा बताए ।

समष्टिगत रूपमा हेर्दा बहुसख्यक बेरोजगार र अर्धबेरोजगार जनशक्ति जसको कमाइ नै नहुने वा भएको कमाईले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरूले अल्पकालिन रूपमै भएपनि रोजगार भै केही आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत प्राप्त गरेको देखियो । यसका साथै उक्त आम्दानीबाट आफ्नो आर्थिक अवस्थामा तुलनात्मक रूपमा सुधार आएको कुरा सहभागिहरूले बताए ।

## ५.७ सामाजिक तथा सांस्कृतिक प्रभाव

यस शीर्षक अन्तर्गत वैदेशिक रोजगारले उनीहरूको सामाजिक तथा सांस्कृतिक प्रभावलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका १८**

**वैदेशिक रोजगारले संलग्न परिवारको सामाजिक प्रभाव सम्बन्धमा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रै सुधार भएको छ | २७ | ५१.९२ |
| केही सुधार भएको छ | २० | ३८.४३ |
| उस्तै छ | ५ | ९.६१ |
| जम्मा | ५२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

तालिका १८ अनुसार सहभागिहरूमध्ये धेरैको सामाजिक अवस्थामा सुधार देखियो । यस अन्तर्गत सहभागिहरूले आर्थिक रूपले बलियो भएपछि सामाजिक रूपमा बलियो हुने वा

सामाजिक अवस्थालाई अर्थतन्त्रसँग जोडेको देखियो । अर्थात वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि व्यक्ति वा उनीहरूको परिवार, सामाजिक रूपमा वर्गीय हिसाबले निम्न वर्गमा पर्दथ्यो । यसैगरी सामान्य काम गर्नका लागि पनि साहु वा जमिनदारसँग हात थाप्नु पर्ने स्थिति थियो । तर वैदेशिक रोजगारमा संलग्न भइसकेपछि त्यहाँबाट आर्जित पैसाले उनीहरूको जीवनपद्धतिमा सुधार आएको कुरा बताए । किनकी वैदेशिक रोजगरमा संलग्न भएपछिका दिनहरूमा हिजो आफ्नो जस्तो हैसियत भएका व्यक्ति वा परिवार आज आफूसँग सहयोगका लागि आउने गरेको कुरा बताए । यसका साथै आफ्नै बराबरको व्यक्ति वा परिवारहरू आज पनि साहु वा जमिनदारसँग परनिर्भर भइरहेको अवस्थामा आफू वा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगाररमा संलग्न भइ आर्थिक रूपले बलियो भएपछि समाजमा उनीहरूलाई राम्रो दृष्टिकोणले हेर्ने कुरा बताए । यसका साथै  वैदेशिक रोजगारमा जानुभन्दा अगाडि अर्काको खेत बारीमा वा मेलामा पैसा वा अन्नकालागि सक्रिय आफू वा आफ्नो परिवार वैदेशिक रोजगार संलग्न भएपछि आफ्नो खेतबारीमा अरूलाई नगद दिएर काम गराउन पाएको कुरा बताए ।

जसबाट वैदेशिक रोजगामा संलग्नहरूको सामाजिक अबस्थामा सकारात्मक प्रभाव परेको पाइयो । यस अन्तर्गत आर्थिक अवस्थामा सुधार आएकाले सहभागिको सामाजिक अवस्था वा हैसियत अर्थात उसलाई समाजमा हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो ।

सामान्य अर्थमा सीप भन्नाले कुनैपनि व्यक्तिले गर्ने काम उसले कुन कुन काम जानेको छ वा उसले गर्ने काममा उ कतिहदसम्म सिपालु छ भन्ने कुरालाई बुझाउँछ । वैदेशिक रोजगारको सम्बन्ध सीपसँग ज्यादै नजिक रहेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरू वैदेशिक रोजगारमा संलग्न हुन भन्दा अगाडि नै सीप सिकेका हुन्छन् भने कतिले विदेशमा नै काम  गर्ने सिलसिलामा विभिन्न किसिमका सीप सिकेको पाइन्छ । यसै सन्दर्भमा सहभागिहरूले विदेश कुनै पनि सीप सिके वा सिकेनन् भन्ने बारे कुरा तालिका १९ मा प्रस्तुत गरिएको छ ।

**तलिका नं. १९**

**विदेशमा सिकेको सीप सम्बन्धमा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सीप सिकेका | ७ | ३५ |
| सीप नसिकेका | १३ | ६५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका १९ अनुसार वैदेशिक रोजगारबाट फर्किएका जम्मा २० जना मध्ये ३५ प्रतिशत (७ जना) सीप सिकेका र ६५ प्रतिशत (१३ जना) ले सीप नसिकेको पाइयो । यसबाट बहुसंख्यक सहभागिहरू सामान्य कामदारको रूपमा विदेश जाने गरेकोले गर्दा सीपमुलक काममा संलग्न हुन नपाएको कुरा बताए भने केही सहभागिले सीप (बेकरी, कुक, मेसिनरी काम) आर्जन गरी अबका दिनमा त्यो सीपलाई नेपालमा प्रयोगमा ल्याउने बताए । यसैगरी केही सहभागिले पुनः वैदेशिक रोजगारमा संलग्न हुँदा उक्त सीपको कारणले बढी लाभ हुने कुरा बताए । सन्दर्भमा कुरा गर्दा एक जना सहभागिले आफूले विदेशमा बेकरीमा काम गरेकोले हाल आफ्नै लगानीमा यसै सम्बन्धी व्यवसाय (बेकरी सप) संचालन गर्ने सोच रहेको कुरा बताए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके वा उपयोग गर्ने वातावरणको सिर्जना हुनसके आफू र आफ्नो परिवारको जीविका राम्रैसँग सञ्चालन गर्न सकिने सहभागिबाट बुझियो ।

### ५.७.१ भाषा

भाषा भन्नाले संस्कृतिसँग सम्बन्धित रहन्छ । यो एउटा सञ्चारको माध्यम पनि वैदेशिक रोजगारमा भाषा पनि एउटा महत्वपूर्ण पक्ष मानिन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न भएपछि सहभागिले कुनै भाषा सिके वा सिकेन भन्ने कुरालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका नं. २०**

**विदेशमा सिकेको भाषा सम्बन्धमा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भाषा सिकेका | ८ | ४० |
| भाषा नसिकेका | ५ | २५ |
| अलिअलि सिकेका | ७ | ३५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

तालिका २० अनुसार वैदेशिक रोजगारबाट फर्किएका केही सहभागिले सम्बन्धित भाषा सिक्ने गरेको पाइयो । जसले गर्दा आगामी दिनमा वैदेशिक रोजगारमा संलग्न भाषाको कारणले दुःख नपाइने कुरा बताए । यसबाट वैदेशिक रोजगारले अर्थात बसाइसराई, संस्कृति (भाषा) को प्रसार हुने कुरा बुझियो । यसका साथै वैदेशिक रोजगारमा संलग्न भन्दा पहिले सम्बन्धित देशको भाषा अनिवार्य रूपमा सिक्नु पर्ने जसले गर्दा आफूलाई धेरै नै सजिलो हुने कुरा सहभागिहरूले बताए ।

## ५.८ वैदेशिक रोजगार प्रतिको धारणा

वैदेशिक रोजगारमा संलग्न भएर फर्किएका सहभागिहरूले वैदेशिक रोजगारलाई मूल्याङ्कन गरेका छन् वा यसलाई कति उपयुक्त वा अनुपयुक्त सम्झेका छन् । यस वैदेशिक रोजगार प्रतिको आकर्षण, धारणा र पुनः जाने सम्भावनाका बारेमा तालिका देखाएको छ ।

**तालिका २१**

**वैदेशिक रोजगार प्रतिको आकर्षण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साथीभाइ गएको देखेर | ६ | ३० |
| परिवारको सल्लाह पाएर | ४ | २० |
| यहाँ बेरोजगार भएर | ९ | ४५ |
| धेरै कमाइ हुन्छ भनेर | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

तालिका २१ अनुसार वैदेशिक रोजगारबाट फर्किएका सहभागिमध्ये तुलनात्मक रूपमा बेरोजगारकै कारणले वैदेशिक रोजगार प्रति आकर्षक बढेको कुरा देखियो । यसबाट रोजगार आकर्षक सेवा नभएर अन्य कारणहरू जस्तै बेरोजगार, अर्धबेरोजगार, गरिबी आदि कारणले विदेश जाने गरेको कुरा बताए । तालिका २२ मा वैदेशिक रोजगारमा पुनः जाने विचार छैन भन्ने कुरालाई देखाइएको छ ।

**तालिका नं. २२**

**वैदेशिक रोजगारमा पुनः जाने सम्भावना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुनः जान चाहन्छु | २ | १० |
| पुनः जान चाहन्न | ९ | ४५ |
| यहाँ रोजगार पाए जान्न | ५ | २५ |
| केही सोचेको छैन | ४ | २० |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

तालिका २२ लाई अध्ययन गर्दा पुन वैदेशिक रोजगारमा जान नचाहने र यहाँ रोजगारी पाए जान्न भन्नेको बाहुन्यता पाइयो । अर्थात सहभागिहरूले नेपालमा नै रोजगारको अवस्था सिर्जना हुन सके अर्काको मुलुकमा नजाने कुरा बताए । जुन कुरा अवलोकनको क्रममा स्थानीय स्तरमा सञ्चालित सिमेन्ट कारखानाले रोजगारीको अवस्था सिर्जना गरेकाले धेरै व्यक्तिहरू त्यही संलग्न भएको पाइयो । यसबाट के बुझिन्छ भने यदि देशभित्रै सानै भएपनि रोजगारको अवस्था सिर्जना भए विदेश जाने बाध्यता सिर्जना हुँदैन । जुन कुरालाई केही हदसम्म सार्थकता दिलाउन वैदेशिक रोजगारबाट फर्किएर हाल स्थानीय स्तरमा सञ्चालित सिमेन्ट कारखानामा काम गर्ने सहभागिको वैयक्तिक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्र भित्र र शोध सिमाभित्र पर्ने आर्य मूलमा निम्न वर्गीय दलित परिवार जन्मेका सबल तर बेरोजगारी समस्याबाट पार पाउन उद्देश्यले सन् २००६ मा राहादानी बनाएको वर्ष २९ का मिलन वि.क.को नेपालमा धेरै प्रयास गर्दा पनि रोजगारीको अवसर पाउन नसकेपछि सन् २००६ मा उनी विदेशिएका थिए । समाजका भएको लाहुरे मनोवृत्तिले उनलाई पहिला विदेशको नोकरी मन पर्दैन्थ्यो तर विभिन्न परिस्थितिले उनलाई वैदेशिक रोजगारमा नै जानबाध्य बनायो । गरिबी र आर्थिक स्थिति परिवारको जिम्मेवारी बहन गर्नकालागि खेतीपातीले जेनतेन ६ महिना खान पुग्ने र अन्य समयमा खानका लागि पनि केही न केही काम गर्नु पर्ने अवस्था थियो । जसले गर्दा समाजमा अरू भन्दा निम्न प्रतिष्ठानमा बाच्नु भन्दा सबै दु:ख कष्ट झेल्ने दृढ संकल्प गर्दै उनीले वैदेशिक रोजगारीका लागि दुबई जाने निर्णय लिएको बताउँछन् ।

कूल लागत ८५ हजार लगाएर त्यसमध्ये पनि राहदानी बनाउँदा काठमाडौं आउँदा जाँदा करीब ३० हजार अगाडि नै खर्च भैसकेकोले साहुँबाट करिब ५० हजार ऋण लिएर विदेश उड्ने मनसायले मनभरी अनेक थरीका मीठा मीठा कल्पना सजाउँदै ०६३-०२-२३ मा गाउँको दलाल मार्फत आफ्नो मातृभूमिलाई ढोक्दै दुबई तिर प्रस्थान गरेको कुरा बताउँछन् । एकातिर कहिले पनि हवाई जहाज नचढेको मान्छे पहिलो पल्ट हवाई जहाज चढ्दा एउटा अनुभव बटुल्ले मौका पाएकोले खुशी भएको र अर्कोतिर कहिले पनि आफ्नो परिवार, नातागोता, गाउँघर समग्रमा भन्दा आफ्नो मातृभूमिलाई छाडेर अन्यत्र नगएको व्यक्ति यसरी अर्को देश जानु पर्दा

ज्यादै पीडा वा दुःखी भएको कुरा बताउँछन्  । यसरी हवाइयात्रा पछि उनी दुबईको अबुधावी पुगेको रहेछन् । त्यहाँ पुगि सकेपछि उनीले यहाँबाट भएको सम्झौता अनुसार बेकरी हेल्परको काम पाएको तर ओभर टाइम नपाइने, विदाको पनि सुविधा नभएको र १२ घण्टा सम्म काम गर्नु पर्ने तर तलब भने ६ सय दिराम (ने रू १२,०००) पाएको कुरा बताउँछन् । उनीले नेपालबाट उड्नु भन्दा पहिले दलालसँग गरेको सम्झौता भन्दा धेरै नै फरक परेको दलाल पनि आफ्नै मान्छे परेकोले फोन गर्दा पछि राम्रो हुन्छ काम गर भनेर भनेको बताए । त्यसै गरी नेपाल फर्किएर जाउँ भने आफ्नो लगानी नै डुब्ने कम्पनीमा कुरा गर्दा गर्ने मन लागे गर नभए जाउँ भन्ने उत्तर पाइसकेपछि आफूले पढ्दाको एउटा उखान "नखाउ दिनभरिको शिकार खाउ भने कान्छो बाउको अनुहार" को सम्झना आएको कुरा बताउँछन् । यसरी १२ घण्टा खाडीको चर्को घाममा काम गरेर मासिक ६०० दिराम पाइने र त्यसमध्ये १५० दिराम खानामा नै सकिने हुनाले नेपाली ९,००० माषिक रूपमा मेसिनसँग जुधेर काम गर्दा जीवनमा कहिले पनि नरोएको मान्छे त्यो अर्काको देशमा रोएको कुरा बताउँछन् । काम गर्ने साथीहरू धेरै भारतीय र बंगाली रहेको र एकजना नेपाली भएकाले आफ्नै दाजु जस्तो लाग्ने नेपालीको महत्व आफ्नो देशमा भन्दा पनि अर्को देशमा भएको कुरा बताए । यसरी करिब १ वर्ष १ महिना बिताई सकेको अवस्थामा बुवाको मृत्यृ भएको खबर पाएपछि घर आउन मालिकले २ वर्ष नपुगी जान नपाइने कुरा बताए तर धेरै रूदै विलौना गरेकोले बावु बितेको ३ दिन पछि  छुट्टी पाएर ५ औं दिन घरमा किरियाका लागि आइपुगेको कुरा बताउँछन् । बुवाको काम सकिय पछि धेरैले विदेश न जा यहाँ नै केही गर भन्थ्ये तर बुवाको मृत्यु एकातिर आफ्नो काँधमा जिम्मेवारी थप भएको अर्को तर्फ ऋृण थपिएककाले पनि त्यही ठाउँ जाने निर्णय गरेर त्यहाँ पुगी अरू ३ वर्ष काम गरेर ०६७-०२-५ गते नेपाल फर्किएको बताउँछन् ।

यसरी करिब ४ वर्ष विदेशमा काम गरेको अनुभवका आधारमा विदेशमा गएर धेरै पैसा कमाउने आशा बोक्नु बेकार भएको र १०० मा करीब ५ जनालाई मात्र राम्रो हुने तर अन्यलाई पीडा, दुःख, कष्ट र सपना सपना नै रहने कुरा बताए । तर देशमा रहेको बेरोजगारी समस्याले विदेश जानु नेपालीको बाध्यता भएको कुरा बताए । अहिले आफ्नै क्षेत्रमा सञ्चालित सिमेन्ट उद्योगमा संलग्न रही आफ्नै मातृभूमिका लडिबुडी गरी खेल्न पाइरहेको कुरा बताउँछन् । अन्त्यमा उनले नेपाल सरकारलाई देशमा रहेका युवा शक्तिलाई अर्काको देशमा गएर काम गरी खाने स्थिति नआउनका लागि यही नै केही रोजगारको अवसरहरू सिर्जना गरियोस् भन्ने बताएका छन् ।

# अध्याय : छ

# अध्ययनको सारांश र निष्कर्ष

## ६.१ पृष्ठभूमि

यस अध्ययनमा वैदेशिक रोजगारीले दलित परिवारको आर्थिक प्रभाव, सामाजिक सम्बन्धमा पारेको प्रभाव लगायत वैदेशिक रोजगारी सम्बन्धी धारणाका बारेमा सैनपसेला गा.वि.स. वडा नं. ५ र ६ अन्तर्गत दलित परिवारको समाजशास्त्रीय अध्ययन गरिएको छ । अध्ययनको क्रममा उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरूको उठान तथा सकेसम्म तथ्यपरक सूचना शोध गर्न खोजिएको छ । यसरी खोजिएका सूचनाहरू वा तथ्याङ्कहरू अगाडि विभिन्न अध्यायहरूमा प्रस्तुत गरिसकेपछि यस अध्याय आएर सकेसम्म सरांशको रूपमा निष्कर्ष निकाल्न खोजिएको छ ।

## ६.२ अध्ययनको साराशं

वैदेशिक रोजगार ऐन, २०६४ र सो अन्तर्गत प्रकृया पूरा गरी नेपाल सरकारबाट स्वीकृत मुलुकहरूमा इजाजत प्राप्त संस्थाहरू मार्फत र व्यक्तिगत प्रयासबाट विदेशमा गई गर्ने कामलाई वैदेशिक रोजगार सेवा र इजाजत प्राप्त संस्थाहरले कानुन बमोजिम नेपाली कामदारहरूलाई विदेशमा काममा लगाई दिने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ ।

सन् १८१५ मा तत्कालिन ब्रिटिस साम्राज्यले भारतमा गोर्खा सैनिकको वटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगारको शुरूवात भएको पाइन्छ । सन् १८१५ भन्दा अगाडि पनि नेपाली कामदारहरू आसाम, मेघायल, मणिपुर, दार्जिलिङ्ग, भुटान, बर्मा, आदि स्थानहरूमा रोजगारी र आप्रवासनका लागि आवत जावत गरेको पाइन्छ । यी स्थानहरूमा, नेपाली कामदाहरू जंगल फडानी, कोइलाखानी, कृषि, चियाबगान, रबर खेती आदि क्षेत्रमा रोजगारीमा जाने प्रचलन बढ्दो मात्रामा थियो । भारत बाहेक तेस्रो मुलुकमा गैर सैनिक क्षेत्र रोजगारीका लागि जाने प्रक्रिया भने सन् १९५० देखि शुरू भएको हो (२०५५) ।

यस अध्ययनमा भारत बाहेक अन्य मुलुकहरूमा वैदेशिक रोजगारीमा संलग्न भएका नेपाली कामदारहरूको विषयमा मात्र विश्लेषण गर्ने प्रयास गरिएको छ । यो शोध मुख्य गरेर निम्न अनुसन्धानात्मक प्रश्नहरुबाट निर्देशित छ । जुन शोधपत्रको उद्देश्य अनुसार तयार गरिएका छन् ।

(क) वैदेशिक रोजगारमा संलग्न परिवारको वैदेशिक रोजगारमा जानु अघि र गई सकेपछिको आर्थिक अवस्था कस्तो छ ?

(ख) वैदेशिक रोजगारको सामाजिक सम्बन्धमा के कस्तो प्रभाव पारेको छ ?

(ग) वैदेशिक रोजगारप्रति संलग्न व्यक्तिहरू र परिवारहरूको धारणा के छ ?

यसरी वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग माथिको प्रश्नमा आधारित भएर सैनपसेला गा.वि.स. वडा नं. ५ र ६ अन्तर्गत दलित समुदायबाट वैदेशिक रोजगारमा संलग्न जम्मा ५२ घरधुरीमा जनगणना विधि मार्फत सबैघरमा पुगी २० जना वैदेशिक रोजगारमा संलग्न भई फर्किएका र बाँकी ३२ जना वैदेशिक रोजगारमा संलग्नका परिवारका सदस्यहरूलाई आधार बनाएर अवलोकन, अन्तरवार्ता, घरधुरी सर्भेक्षण, वैयक्तिक अध्ययन तथा समूह छलफल विधि मार्फत तथ्याङ्कहरू संकलन गरिएको थियो । जसलाई सारांश रूपमा तल प्रस्तुत गरिएको छ ।

यस वडाको जनसांख्यिकी अवस्थ हेर्दा कूल १२,०० पाइयो । जसमध्ये पुरूषको संख्या (५७६ जना) भन्दा महिलाको संख्या (६२४ जना) बढी पाइयो । यसका साथै कूल घरधुरी संख्या २८५ पाइयो । जहाँ सबैथरीका जातजातिको बसोबास रहे पनि तुलनात्मक रूपमा ५ र ६ मा दलित बाहुल्यता पाइयो अधिकांश दलित नै त्यस क्षेत्रका आदिवासी रहेका छन् ।

वैदेशिक रोजगारमा संलग्नको जमिनको अवस्थालाई हेर्दा १ देखि ९ कठ्ठा भन्दा माथि जमिन भएको घर १२ पाइयो । जसले गर्दा उनीहरूको परिवारको वार्षिक आम्दानी पनि बढिमा ४१ हजार भन्दा माथि कमाउने परिवार ६ पाइयो भने २० हजार भन्दा कम आम्दानी हुने परिवार २९ पाइयो । यसो हुनुमा पारिवारीक मुख्य पेशा कृषि रहेको पाइयो । यसैगरी वैदेशिक

रोजगारमा संलग्न जातिहरू मध्ये क्षेत्री जातिको बाहुल्यता पाइयो र पारिवारिक संरचनालाई हेर्दा तुलनात्मक हिसाबले एकात्मक परिवारबाटै वैदेशिक रोजगारमा संलग्नता बढी देखियो ।

पशुपंक्षी पाल्ने कुरा नगद र सामाजिक मुल्य मान्यतासँग जोडिने भएकाले भेडा, बाखा र हाँस कुखुरा पाल्ने घरधुरी बढी (३० घर) पाइयो भने घरको बनावट हेर्दा पक्की घरको तुलनामा कच्ची घरहरू नै वढी (३२ वटा) पाइयो । अध्ययन क्षेत्रबाट रोजगारमा संलग्नको इतिहास हेर्दा सर्वप्रथम वि.स. २०५० मा क्षेत्री परिवारका एकजना व्यक्ति संलग्न भएको पाइयो भने वैदेशिक रोजगारमा जाने प्रक्रिया हेर्दा २ तरिकाबाट (स्थानीय एजेन्ट-मेनवार-केन्द्रीय एजेन्ट मेनपावर-सम्बन्धित देश र केन्द्रीयय मेनपावर सम्बन्धित देश) सहभागिहरू वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

लैङ्गिक रूपमा हेर्दा पुरूषको संलग्नता बढी (५१ जना) मध्ये देखियो भने महिला संलग्नता (१ जना) केवल प्रतिनिधिको पात्रको रूपमा पाइयो । यसैगरी उमेरको हिसाबले आर्थिक रूपमा सक्रिय अर्थात उत्पादन श्रमशक्ति नै वढी (४२ जना) पाइयो त्यसमा पनि शैक्षिक अवस्थालाई हेर्दा एस.एल.सी. वा सो भन्दा माथि योग्यता प्राप्त व्यक्तिहरू नै बढी (४० जना) संलग्न भएको पाइयो ।

आम्दानीको सन्दर्भमा हेर्दा जम्मा सहभागिहरू (५२ जना) मध्ये धेरै जसो (४५ जना) को आम्दानीमा वृद्धि भएको पाइयो, जसले गर्दा उनीहरू वैदेशिक रोजगारमा संलग्न हुन भन्दा पहिले गर्ने पेशामा क्रमिक रूपमा परिवर्तन (कृषि-व्यवसाय, नोकरी ) आएको पाइयो । यसका साथै कमाएको पैसाको उपयोग राम्रोसँग गरेको पाइयो । जस अन्तर्गत सहभागिहरूले ऋणतिरेको, घर बनाएको, जग्गा किनेको, व्यापार व्यवसाय संचालन गरेको र बैंकमा जम्मा गरेको देखियो । यसरी आर्थिक स्थितिमा सुधार आएपछि अर्थात आर्थिक रूपले सबल भएपछि सामाजिक सम्बन्ध वा अवस्थामा सुधार आउनेको बाहुल्यता (२७ घर) पाइयो ।

भाषा र सीपको सन्दर्भमा कुरा गर्दा वैदेशिक रोजगारबाट फर्किएका मध्ये ७ जनाले सीप सिकेको र त्यसमध्ये केहिले उक्त सीप नेपालमा प्रयोग गर्ने सोच भएको कुरा बताए भने ८ जनाले सम्बन्धित देशको भाषा सिकेकाले आगामी दिनहरूमा वैदेशिक रोजगारमा संलग्न हुँदा भाषाले निकै नै सहयोग गर्न सक्ने कुरा बताए ।

यसैगरी वैदेशिक रोजगारमा संलग्न भई फर्किएका जम्मा सहभागिहरू (२० जना) मध्ये बेरोजगार भएर रोजगारीका लागि वैदेशिक रोजगारीमा संलग्न भएका सदस्यहरू नै वढी (९ जना) पाइयो भने तुलनात्मक रूपमा पुनः वैदेशिक रोजगारमा संलग्न हुन नचाहने सहभागी (९ जना) र यही रोजगार पाए नजाने सहभागी (५जना) को  नै बाहुल्यता पाइयो । यसरी नेपालमा नै वा स्थानीय स्तरमा नै रोजगारीको सिर्जना हुन सके वैदेशिक रोजगारमा संलग्न नहुने कुरा सहभागिहरूबाट बुझियो ।

## ६.३ अध्ययनको निष्कर्ष

मुलुक भित्रै रोजगारीका अवसरहरू कम हुनुका कारण वैदेशिक रोजगारीलाई एक वैकल्पिक माध्यमको रूपमा लिइएको छ । जसले वैदेशिक रोजगारमा संलग्नहरूको परिवारको आर्थिक अवस्थामा सुधार ल्याउदै सामाजिक सम्बन्धहरूमा पनि प्रभाव पारेको देखिन्छ । जुन अध्ययनको उद्देश्य अनुरूप सहभागिहरूले दिएका सूचना वा तथ्याङ्कको आधारमा शोधका निष्कर्षहरूलाई तल उल्लेख गरिएको छ ।

मुख्यतः बेरोजगार र कृषिमा संलग्न भई अर्धबेरोजगार अवस्थामा रहेका व्यक्तिहरूले नै वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनाएको पाइन्छ । यसको पनि वैदेशिक रोजगारमा संलग्न हुने प्रकृयामा भिन्नता पाइयो । जस अन्तर्गत धेरै सहभागिहरू लामो प्रक्रियाबाट अर्थात स्थानिय एजेन्ट, स्थानिय मेनपावर, केन्द्रिय एजेन्ट, केन्द्रिय मेनपावर गर्दै सम्बन्धित देश पुगेको पाइयो, जसले गर्दा सहभागिहरूको धन तथा समयको बढी खर्च भएको देखियो । तर केही सहभागिहरू छोटो प्रक्रियाबाट अर्थात सिधै केन्द्रीय मेनपावरमा सम्पर्क राखेर सम्बन्धित देशमा गएको देखिन्छ, जसले गर्दा उनीहरूको धन तथा समय कम खर्च भएको पाइयो ।

सहभागिहरूको संलग्नतालाई हेर्दा आर्थिक क्रियाकलापमा सक्रिय रहने उमेर समूहका शिक्षित युवा जनशक्तिहरू बढी मात्रामा वैदेशिक रोजगार सेवामा संलग्न हुने गरेको देखिन्छ । जसमा पुरूषहरूको नै बाहुल्यता पाइयो । यसो हुनुमा पितृसत्तात्मक समाज एउटा कारक तत्व देखिन्छ तर पनि एक जना महिलाको सहभागिताले गर्दा अन्य महिलालाई पनि आगामी दिनमा वैदेशिक रोजगारका संलग्न हुनका लागि सहयोग पुग्न जाने देखिन्छ ।

दलित समुदायका अधिकांश व्यक्तिहरू वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । जसले गर्दा परम्परागत तथा जातिगत रूपमा संचालित पेशाहरूमा परिवर्तन आएको पाइयो । यसका साथै वैदेशिक रोजगारमा रहँदा माथिल्लो जाति र तल्लो जातिका व्यक्तिहरूसँगै बस्ने, खाने गरेकाले त्यो प्रक्रियाले वैदेशिक रोजगारबाट फर्किएर आएपछि पनि विभिन्न सभा समारोह, विवाह, पिकनिक आदि ठाउँहरूमा निरन्तरता पाएको बुझियो । जसले गर्दा समाजमा जातिगत आधारमा रहेको कट्टरता वा विभेदमा पनि केही खुकुलोपन वा परिवर्तन हुन लागेको देखिन्छ ।

पारिवारिक संरचनाको आधारमा एकात्मक परिवाबाट नै व्यक्तिहरू बढी मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । यसरी वैदेशिक रोजगारमा पुरूषको संलग्नता रहेपछि महिलाहरूमा घर भित्र र घर बाहिरको सम्पूर्ण कामको जिम्मेवारी थपिन गएको देखिन्छ । जसले गर्दा घर तथा समाजमा महिलाको सक्रियता बढ्न गई समाजमा हुने लैङ्गिक विभेदमा केही परिवर्तन आएको देखिन्छ । अर्थात हिजो घर भित्र र बाहिरको सम्पूर्ण जिम्मेवारी तथा निर्णय अधिकारमा महिलाको भूमिका बढेको पाइयो ।

धेरैजसो युवा जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले गाउँमा केवल बुढाबुढी, आइमाई र केटाकेटी संख्या बढिरहेको देखियो जसले गर्दा जन्ती, मलामी लगायत सामुदायिक वा सामूहिक कार्यमा युवाहरूको सहभागिता ज्यादै न्युन रहेको देखियो । यसका साथै क्रियाशिल वा उत्पादनशिल जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले कृषि उत्पादनमा कमि आएको अलावा अन्य पेशाहरू (व्यापार, व्यववसाय, नोकरी) अपनाएको देखियो । यसरी परम्परागत पेशामा बिस्तारै बिस्तारै परिवर्तन आउन थालेको देखिन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागिहरूको परिवारको आर्थिक अवस्थमा सुधार आएको देखिन्छ । यसरी आर्थिक रूपले सबल भैसकेपछि सामाजिक सम्बन्धमा पनि सुधार आएको देखिन्छ । किनकी वैदेशिक रोजगारीमा संलग्न हुनु अगाडि आफ्नो अध्ययन क्षेत्रको हुनेखाने व्यक्तिसँगको सम्बन्ध एउटा ऋणी र साहुको थियो भने वैदेशिक रोजगारबाट फर्किएपछि आफ्नो आम्दानीमा वृद्धि भई यस किसीमको सम्बन्धमा परिवर्तन आएको देखिन्छ । तर पनि मानवीय आवश्यकता पूरा गर्ने क्रममा घर निर्माण गर्दा, सरसामान खरिद गर्दा पूँजी पुनः अन्य देशमा गएको देखिन्छ ।

यसै गरी अध्ययनकै क्रममा सहभागिहरूले वैदेशिक रोजगार सेवालाई सम्मान पूर्वक नै हेरेको तथा त्यस प्रति सकारात्मक दृष्टिकोण रहेतापनि स्वदेशमा नै रोजगारीको अवस्था सिर्जना हुन सके यसलाई वैकल्पिक रूपमा लिने सोच रहेको पाइयो । जुन कुरालाई अध्ययन क्षेत्रमा लघु जलविद्युत परियोजनामा वैदेशिक रोजगारबाट फर्किर आएको व्यक्तिहरूको संलग्नताले पनि प्रष्टयाउन सफल भएको देखिन्छ ।

समग्रमा वर्तमान अवस्थामा वैदेशिक रोजगारले सहभागी व्यक्तिको पारिवारीक तथा सामाजिक सम्बन्धमा केही सुधार आएपनि यो दीर्घकालिन रूपमा रही रहन सक्ने देखिदैन । किनकी सक्रिय जनशक्तिले आफ्नो पौरख र पसिना विदेशी भूमिमा बगाइरहेका छन् । त्यसमा पनि धेरै जसो सहभागिहरूसँग सीपको अभावले सस्तो मूल्यमा एउटा अदक्ष वा अर्धदक्ष श्रमिकको रूपमा विदेशमा काम गरिहरेका छन् । जसले गर्दा आफ्नो देशमा वा सम्बन्धित क्षेत्रमा रहेको कृषि क्षेत्रपनि खेती गर्ने मानिसको अभावमा संकटमा पर्दै गएको देखिन्छ । जसले धेरै फर्किदा आफू र आफ्नो परिवारको लागि चाहिने विभिन्न वैदेशिक रोजगारमा रहँदा वा त्यहाँबाट फर्किदा आफू र आफ्नो परिवारको लागि चाहिने विभिन्न विदेशी सामानहरू अन्य मनोरञ्जनका साधनहरूको खरिदले बचेको पूँजीपनि पुनः केन्द्र स्तरका देश वा अन्य मुलुकहरूमा गएको देखिन्छ । यसरी एकातर्फ अध्ययन क्षेत्र विश्व बजारमा पाइने बस्तुहरूको प्रयोग गर्दै विश्व व्यापीकरण तर्फ अगाडि बढेको देखिन्छ भने अर्कोतर्फ यी सामाग्रीहरूको खरिद गर्दा वैदेशिक रोजगारलाई व्यवस्थित नगर्ने हो भने यसले परनिर्भरताको स्थिति सिर्जना गर्न सक्ने देखिन्छ ।

जसरी वालेस्ट्राइनले विश्व व्यवस्था अन्तर्गत विकसित (केन्द्र) देशहरूले अविकसित ( पृष्ठ) देशहरूबाट अदक्ष श्रमिकहरू निर्यातमात्र गर्दैनन् उनीहरूले कमाएको पूँजी पनि विभिन्न विलासिताका सामानहरू लगायत अन्य वस्तुहरूको खरिदमा विकसित देशहरूमा लाग्ने गर्छन भन्दछन् । त्यसरी नै अध्ययन लगायत अन्य वस्तुहरूको खरिदमा विकसित देशहरूमा लाने गर्छन भन्दछन् । त्यसरी नै अध्ययन क्षेत्रबाट पनि अदक्ष श्रमिकहरू केन्द्र वा अर्धपृष्ठ तर्फ गएको देखिन्छ भने पूँजी पनि विलासिताको सामान वा अन्य वस्तुको खरिद मार्फत उतै तर्फ गइरहेको छ ।

## सन्दर्भ ग्रन्थहरुको सूची


के.सी., नवराज (२०६६) : “नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भूमिका” वैदेशिक रोजगारका विविध पक्षहरू, प्याराडाइज इन्टरनेशनल प्रा.लि. नयाँ बानेश्व, काठमाडौँ ।

जिल्ला विकास समिति बझाङ्ग (२०६२) : जिल्ला विकास सिमिति बझाङ्ग द्वारा प्रकाशित स्मारिक ।

दाहाल, गणेश (२०६६) : वैदेशिक रोजगारका विविध पक्षहरू, प्याराइज इन्टरनेशनल प्रा.लि.नयाँ बानेश्वर, काठमाडौँ ।

नेपाली वृहत शब्दकोष (२०६१) : नेपाल प्रज्ञाप्रतिष्ठान काठमाडौँ ।

पण्डित, सूर्य कुमार (२०५७) : नेपालमा वैदेशिक रोजगार, वैदेशिक रोजगार पत्रकार संघ ताहाचल, काठमाडौँ ।

पोखरेल नारायण दत्त (२०५७) : वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभाव : एक अध्यय, शोधपत्र समाजशास्त्र/मानशास्त्र केन्द्रिय विभाग काठमाडौँ ।

वैदेशिक रोजगार ऐन, २०६४, कानुन किताब व्यवस्था समिति बबरमहल, काठमाडौँ ।

गा.वि.स. प्रोफाइल (२०६७) : सैनपसेला गा.वि.स. कार्यालय बझाङ्ग ।

राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल (२०६०) : जिल्ला तथा गा.वि.स. स्तरीय नक्साहरू, अक्सफाम नेपाल ललितपुर र राष्ट्रिय श्रम प्रतिष्ठान काठमाडौँ ।

राष्ट्रिय जनगणना २०५८ : केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौँ ।

ज्ञवाली, डिल्लीराज (२०५७) : टटेराचापीका युवा वेरोजगार र यसको प्रभाव : एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौँ ।

Molnar, A. (1981): Economic Strategies and Economic Constraints. In Asian Highland Societies: An Anthropological Perspective, New Delhi.

Ritzer G. (1992): *Sociological Theory*: New York Mac Grew-Hill International.

Shrma Prayag Raj (1977): Cast Social Mobility and Sanskritization "A Study of old Legal Code". Ratan Pustak Bhandar, Kathmandu.

## शोधपत्र तयारी गर्नका लागि तयार गरिएको प्रश्नावलीको नमूना

### परिच्छेद -१

वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारका लागि

उत्तरदाताको नाम : उमेर : लिङ्ग :

जात : धर्म :

गा.वि.स.: वडा नं. : टोल :

| क.सं. | घर परिवारको नामावली | घरमूलिसँगको नाता | उमेर | लिङ्ग | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१) परिवारको मुख्य पेशा के हो ?

.............................................................................................

२) यस भन्दा पहिले के थियो ?

.................................................................................................

३) कति वर्ष देखि यस किसिमको पेशामा संलग्न हुनुहुन्छ ?

.............................................................................

४)  किन यस पेशालाई अंगाल्नु भएको ?

.....................................................................................

५)  जमिनको अवस्था :

| | |
|---|---|
| खेत | |
| बारी | |

६)  खान पुग्छ कि पुग्दैन ?

...........................................................................

७)  पुग्दैन भने कसरी जीवन यापन गर्नु भएको छ ?

..............................................................................

८)  अरूको जमिन कमाएर खाएको छ वा छैन ?

...............................................................................

९)  छ भने कति जमिन कमाएको छ कसरी कमाएको छ ?

...................................................................................

१०)  यदि आफ्नो जमिन अरूलाई कमाउन दिएको छ भने दिनुको कारण के होला ?

...................................................................................................

११)  उत्पादको अवस्था :

| उत्पादित वस्तुको किसिम | परिणाम | बजार भाउ (उत्पादन समय) |
|---|---|---|
| धान | | |
| मकै | | |
| गहुँ | | |
| तोरी | | |

१२)    नगद बालीका रूपमा कुन बालीलाई लिनुहुन्छ ?

..........................................................................................

१३)    वार्षिक कति आम्दानी हुन्छ ?

..........................................................................................

१४)    पशुपंक्षी सम्बन्धमा :

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई/भैंसी<br>भेडा बाखा<br>कुखुरा/हाँस<br>सुंगुर | |

१५)    घरको किसिम : (अवलोकनबाट)

| कच्ची | पक्की |
|---|---|
| | |

१६)    घरमा टेलिभिजन छ ?

..........................................................................................

१७)    घरमा कम्प्युट छ ?

..........................................................................................

१८)  घरमा कुनै यातयातको साधन छ ?

.........................................................................

१९)  छ भने के के छन् ?

..............................................................................

२०)  वैदेशिक रोजगारमा गएको देश कुन हो ?

.................................................................................

२१)  वैदेशिक रोजगारमा जान कति समय लाग्यो ?

.........................................................................................

२२)  कुन कामका लागि जानु भएको हो ?

...........................................................................

२३)  जम्मा कति लागत लाग्यो ?

..................................................................................

२४)  लागत वा  पैसा कोसँग ल्याउनु भयो ?

.........................................................................................

२५)  कस मार्फत जानु भएको हो ?

......................................................................................

२६)  वैदेशिक रोजगारमा गएको कति वर्ष भयो ?

........................................................................

२७)  पहिलो पल्ट वैदेशिक रोजगारमा संलग्न हुँदा सदस्यको उमेर कति थियो ?

..........................................................................................

२८)	वैदेशिक रोजगारमा संलग्न सदस्यको लिङ्ग के हो ?

..........................................................................................

२९)	वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडिको पेशा के थियो ?

..........................................................................................

३०)	उहाँ सो पेशा प्रति सन्तुष्ट हुनु हुन्थ्यो ?

..........................................................................................

३१)	उहाँको आम्दानी खर्च पुग्थ्यो ?

..........................................................................................

३२)	वैदेशिक रोजगारमा संलग्न सदस्यको शैक्षिक योग्यता कति छ ?

..........................................................................................

३३)	वैदेशिक रोजगारबाट कमाएको पैसाले के गर्नु भयो ?

..........................................................................................

३४)	वैदेशिक रोजगारले तपाईको परिवारको आर्थिक स्थितिमा सुधार आएको छ ?

..........................................................................................

३५)	वैदेशिक रोजगारीले तपाईको परिवारको सामाजिक स्थिति वा हैसियतमा सुधार आएको छ ?

..........................................................................................

## परिच्छेद -२

वैदेशिक रोजगारमा फर्किएका व्यक्तिका लागि तयार पारिएको प्रश्नावली

उत्तरदाताको नाम : उमेर : लिङ्ग :

जात : धर्म :

गा.वि.स.: वडा नं. : टोल :

| क.सं. | घर परिवारको नामावली | घरमूलिसँगको नाता | उमेर | लिङ्ग | पेशा | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१) वैदेशिक रोजगारमा जानु अगाडि तपाई के काम गर्नु हुन्थ्यो ?

.............................................................................................

२) वार्षिक आम्दानी कति हुन्थ्यो ?

.....................................................................................

३) आम्दानीले खर्च पुग्थ्यो ?

........................................................................................

४)	तपाईसँग जम्मा जमिन कति थियो ?

.......................................................................

५)	जमिनको उपयोग कसरी गर्नु हुन्थ्यो ?

........................................................................................

६)	पशुपंक्षी सम्बन्धमा :

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई/भैंसी<br>भेडा बाखा<br>कुखुरा/हाँस<br>सुँगुर | |

७)	घरको किसिम : (अवलोकनबाट)

| कच्ची | पक्की |
|---|---|
| | |

८)	वैदेशिक रोजगारमा गएको देश कुन हो ?

..............................................................................................

९)	कुन कामका लागि जानु भएको हो ?

.................................................................................................

१०) कस मार्फत जानु भएको हो ?

.........................................................................................

११) जम्मा लागत कति लाग्यो ?

..............................................................................

१२) लागत वा पैसा कोसँग ल्याउनु भयो ?

.............................................................................

१३) मासिक कति कमाउनु हुन्थ्यो ?

..................................................................................

१४) वैदेशिक रोजगारबाट फर्केको कति भयो ?

..................................................................................

१५) वैदेशिक रोजगाबाट फर्कनुको कारण के हो ?

..........................................................................

१६) हाल के गर्नुहुन्छ ?

....................................................................................

१७) वैदेशिक रोजगारले कमाएको पैसाले के गर्नु भयो ?

.......................................................................................

१८) वैदेशिक रोजगार तपाईको परिवारको आर्थिक स्थितिमा सुधार आएको छ ?

.........................................................................................

१९)  वैदेशिक रोजगारले तपाईको परिवारको सामाजिक स्थिति वा हैसियतमा सुधार आएको छ ?

...........................................................................................................

२०)  विदेशमा तपाईले कुनै काम सिक्नु भयो ?

.............................................................................................

२१)  विदेशमा सिकेको सीप तपाईलाई नेपालमा काम लाग्यो ?

..............................................................................................

२२)  विदेशमा कुनै भाषा सिक्नुभयो ?

..........................................................................................

२३)  वैदेशिक रोजगारमा जाने प्रेरणा कसरी पाउनु भयो ?

...............................................................................................

२४)  वैदेशिक रोजगारमा पुनः जान चाहुन हुन्छ ?

.......................................................................................

## परिच्छेद - ३

समूह छलफलका लागि प्रश्नहरु :

१) वैदेशिक रोजगार प्रति आकर्षण किन बढेको छ ?

.................................................................................................................

२) वैदेशिक रोजगारमा जाने प्रक्रिया कस्तो छ ?

.........................................................................................................................

३) वैदेशिक रोजगारले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

..............................................................................................................

४) वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?

....................................................................................................

५) वैदेशिक रोजगार प्रतिको धारणा के-कस्तो छ ?

........................................................................................................

६) वैदेशिक रोजगारमा प्रकृया कस्तो छ ?

............................................................................................................

७) वैदेशिक रोजगारले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

................................................................................................................

८) वैदेशिक रोजगारले सामाजिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ?

....................................................................................................